"साना किसानको समृद्धि: कृषिको रुपान्तरण र उद्यमशीलताको विकास"

साना किसान

द्वैमासिक

वर्ष २२ पूर्णाङ्क २८

आर्थिक उपार्जन र समृद्धिमा साना किसान

Best Project Management Team Award for 2022 Rural Enterprise Financing Project

दक्षिण अफ्रिकामा भएको वल्ड फार्मर्स अर्गनाईजेसन डब्लूएफएओको साधारण सभामा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेम बहादुर पाठक र प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला

साना किसान युवा सदस्यहरूले गरेको व्यवसाय

ग्रामीण उद्यम लगानी परियोजना मार्फत कर्जा लिएका साना किसान कृषि सहकारी संस्थाका उद्यमी किसानहरुको फार्ममा एसियाली विकास बैंकका उपाध्यक्ष शिछिन चेन लगायतको टोलीले स्थलगत अनुगमन

कोप २८ मा साना किसानको प्रतिनिधित्व र उपलब्धि

पृष्ठ १

खेमबहादुर पाठक
अध्यक्ष
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

ul/aL lgjf/0f / cy{Gq ;'wf/df xfdL cAan xB}uPsf 5f}F

पृष्ठ ३

डा. शिवराम प्रसाद कोइराला
प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

Pstfn];d[4sf];Defjgf a9f0/x]sf]5

पृष्ठ ७

पृथबहादुर थापा
नायव प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेदरल्याण्ड्समा सञ्चालित व्यावसायिक कृषि फार्महरुको अध्ययन भ्रमणबाट सिकाइ

पृष्ठ १३

डा. नवराज सिम्खडा
नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

सहकारीको क्षमता विकासमा "समृद्धि" आयोजना र वित्तीय संस्थाको सहकार्य

पृष्ठ १५

बलराम पौडेल
तालिम विज्ञ
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

प्रमुख सल्लाहकार
खेमबहादुर पाठक

संरक्षक
डा. शिवराम प्रसाद कोइराला

प्रधान सम्पादक
झलेन्द्र भट्टराई

सम्पादक
ईशा के.सी.

सञ्चार सल्लाहकार
सँगम महत

साथमा
सफलताका कथाहरू

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बबरमहल, काठमाडौँ, नेपाल
फोन नं.: ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५
Email: info@skbbl.com.np

कृषिमा आत्मानिर्भरताको सुनिश्चितता

नेपालीहरूको प्रतिव्यक्ति वार्षिक चामल उपभोग दर १३७.५ के.जी. भएको आधारमा वार्षिक ४० लाख टन चामल खपत हुने अनुमान छ। आ.व. ७९/८० मा ५४ लाख टन धान (करिब ३३ लाख टन चामल) उत्पादन हुने अनुमान गरिएको थियो। प्रतिकुल मौसमका कारण आ.व. ८०/८१ मा धानको उत्पादनमा १५ देखि २० प्रतिशत कमी आउने विज्ञहरूको आँकलन छ। यसो भयो भने केवल २७ लाख टन चामल उत्पादन भई करिब १३ लाख टन अभाव हुने देखिन्छ। हालसालै भारतले भुटान बाहेक कुनै पनि देशमा चामल निर्यात नगर्ने निर्णय गरेसँगै नेपालमा चामलको मूल्यमा ३० प्रतिशतभन्दा बढी मूल्य बृद्धि भईसकेको छ। भात नै मुख्य खाना भएको हाम्रो मुलुकमा चामलको अचानक एक तिहाईंको मूल्य बृद्धिले ठूलो जनसङ्ख्या तिल्मिलाएका छन्। आम्दानी हुने रोजगारीको अवसर खोज्न थप जिम्मेवार युवाहरू विदेशिनु पर्ने बाध्यता यसरी नै बढ्दै जानेछ।

हाल कृषि योग्य मध्ये बाँझो जमीन ७ प्रतिशत छ। अर्को साल ९ प्रतिशत पुग्यो भने आश्चर्य मान्नु पर्नेछैन। अनि झन् कृषि उपजको अभाव बढ्ने छ, गरिबी थपिने छ र परिवारप्रति जिम्मेवार थप युवाले मुलुक छोड्नेछन्। अनि झन् उत्पादन घट्ने छ। कुनै प्रभावकारी हस्तक्षेप नगर्ने हो भने यो चक्र अझै भयावह बन्दै जानेछ।

सरकारी अनुदानमा हुर्केको सस्तो भारतीय कृषि उपजको नेपालमा निर्वाध आयात हुन्छ। ती भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नु पर्दा नेपाली किसानले अधिकांश उत्पादनमा ऋणात्मक प्रतिफल प्राप्त गर्दै आएको जगजाहेर छ। नेपालका खास उत्पादनहरूको भारतीय बजारमा निर्यात हुँदा 'कोटा', 'उत्पत्तिको बिन्दु', 'क्वारेन्टिन' आदि नामबाट दिईने सास्ती कम पिडादायी छैन। कृषि कर्मबाट यस्ता अनेकौं कारणले गर्दा हैरान भएका किसानले जमीन बाँझो छोडेने क्रम बढ्दै गएको हो।

वि.सं. २०७६ मंसिरको कुरा हो। तत्कालिन अर्थमन्त्री सुरेन्द्र पाण्डे, योजना आयोगका उपाध्यक्ष डा. युवराज खतिवडा र अर्थसचिव रामेश्वर खनाल मुलुकलाई सानो सानो विन्दुबाट कसरी आत्मानिर्भर बनाउने भन्ने बारे छलफल गर्दै थिए। त्यस आ.व.मा नेपालको वार्षिक बजेट रु. ३ खर्ब ३७ अर्ब थियो र मासुजन्य पदार्थ तथा पशुमात्र रु. १५ अर्बभन्दा बढीको आयात भएको थियो। ब्यापक छलफलपछि साना किसान विकास बैंकलाई मासुजन्य पशुपालनमा काम गर्न निर्देशन दिईयो। सरकारले सहुलियत कर्जा प्रदान गऱ्यो, बैंकले पशुपालनमा दश वर्षमा करिब रु. २२ अर्ब लगानी गऱ्यो। करिब १ लाख ५० हजार किसानले आफ्नो क्षमता अनुसार पशुपालन गरे। यसको प्रदर्शन-प्रभाव समेतले गर्दा दुरदराज, गाउँ र शहरहरूमा समेत पशुपालन व्यवसाय फस्टाउन पुग्यो। वि.सं. २०७७ मा आईपुग्दा तत्कालिन कृषि मन्त्रीबाट नेपाल मासुजन्य पदार्थमा लगभग आत्मार्भिर भएको घोषणा भयो।

के यसरी नै एक-एक उत्पादनमा कार्यसम्पादन शर्त सहितको जिम्मेवारी प्रदान गर्दै गए हुन्न ?

कृषिमा स्केल अफ इकोनोमीको ठूलो भूमिका हुन्छ। व्यावसायिक कृषिका लागि यान्त्रीकरण आवश्यक हुन्छ। सानो आकारको जग्गामा त्यो सम्भव छैन। उत्पादनका अन्य साधनहरूको लागत प्रभावी प्रयोगका लागि समेत ठूलो आकारको जमीन आवश्यक पर्छ। नेपालको कृषि योग्य जमिनको औषत प्रतिव्यक्ति स्वामित्व ०.०७ हेक्टर छ। यस्ता टुक्रा जमीनमा गरिने खेती व्यावसायिक हुँदैन। जग्गा जमीनलाई नै सर्वोपरी सम्पत्ती मान्ने नेपाली समाजमा जग्गा सामूहिकीकरण र चाक्लाबन्दी गर्ने कुरा नारा जस्तो सजिलो हुँदैन। कृषि प्रयोजनका लागि जमीनलाई राज्यले जबर्जस्ती एकीकरण गर्न पनि सक्दैन। 'भूमि बैंक' को अवधारणा बेवारिशे भईसकेको छ। हाम्रो जस्तो अस्थिर सरकार हुने मुलुकमा सरकार आफैंले चलाउने परियोजनाहरू प्रभावकारी हुँदैनन् भन्ने सयौं उदाहरण छन्। काम गर्नु भन्दा अघि अनुदान दिने प्रणाली सस्तो लोकप्रियता कमाउने अप्रभावकारी र अविवेकी कदम एवम् राजश्वको अपव्यय हो भन्ने कुरा नेपाल लगायत विभिन्न मुलुकको कृषिमा भएको प्रयोगले देखाएको छ।

तसर्थ कृषिमा प्रभावकारी कार्यक्रम चलाउन सरकारलाई ठूलो सङ्ख्यामा किसानहरूको नेटवर्क भएको भरपर्दो साझेदार संस्था आवश्यक पर्छ। मासुजन्य पशुपालनमा साना किसान विकास लघुवित्त र यसको साझेदार कृषि सहकारी संस्थाले हासिल गरेको उपलब्धीले सरकारको लक्ष्य र मुलुकको आवश्यकता पुरा गर्ने हैसियत प्रमाणित गरिसकेको छ। यो सञ्जाललाई धान मात्र होईन, तेलहन, दलहन, फलफूल र केही तरकारी समेतमा जिम्मेवार बनाएर काममा नखटाउने हो भने राज्यले ठूलो सामर्थ्यको लाभ गुमाउने छ।

कृषि उत्पादनमा सामूहिकीकरण, व्यावसायीकरण तथा कृषि उत्पादनको प्रारम्भिक प्रशोधन एवम् बजारीकरणमा साना किसान विकास लघुवित्तका थुप्रै महत्वपूर्ण मोडेलहरू सफलतापूर्वक प्रयोग भएका छन्। सरकारको सहयोग बिना एउटा लघुवित्त संस्थालेमात्र धेरै गर्न सक्दैन। विगतका पाठहरू नै हाम्रो सिकाई बन्न सक्यो भने - केही कठिन त होला, तर कृषिमा आत्मानिर्भरता र साना किसानको समृद्धि सुनिश्चित छ।

कोप २८ मा साना किसानको प्रतिनिधित्व र उपलब्धि

विश्वव्यापी रूपमा चुनौतीका रूपमा देखिएको जलवायु परिवर्तन र यसको प्रभाव न्यूनीकरणका मुद्दाहरूमा केन्द्रित रहेर दुबईमा आयोजना भएको कोप २८ मा छलफल भएको छ । यसै सन्दर्भमा यस सम्मेलनमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेमबहादुर पाठकको सहभागिता रहेको थियो । कोप २८ मा सक्रियतासाथ सहभागिता जनाउनु भएका अध्यक्ष खेमबहादुर पाठकसँग हामीले कोप २८ र यसमा उठेका मुद्दा र यसबाट नेपालले लिनसक्ने लाभका विषयमा कुराकानी गरेका छौं ।

खेमबहादुर पाठक
अध्यक्ष
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१) विश्वको ध्यान तानेको कोप २८ उठान भएका मुद्दाहरूलाई यहाँले कसरी हेर्नुभएको छ ?

विश्वका अधिकांश मुलुकको सहभागितामा दुबईमा भएको कोप २८ मा अत्यन्तै महत्त्वपूर्ण विषयमा छलफल भएका छन् । अहिले जलवायु परिवर्तनका कारण विश्व समुदायले भोगिरहेको समस्या र समाधानका विषयमा छलफल भए । जलवायु परिवर्तनबाट सबै क्षेत्र प्रभावित छ र हरेक विषयलाई महत्त्व दिएर छलफल गर्नुपर्छ भन्ने कुरामा मेरो सहमति छ । तर मुख्य प्रभावित क्षेत्रलाई कम महत्त्व दिएर अरू विषयलाई मुख्य छलफलको विषय बनाइनु दुःखको कुरा हो । भन्नुको मतलव जलवायु परिवर्तनका कारण मुख्य समस्यामा परेको क्षेत्र कृषि हो । यसबाट प्रभावित किसान हुन् । कृषि क्षेत्रमा परेको प्रभाव, यसको न्यूनीकरण, समस्याको पहिचान र समाधानको उपायहरूका बारेमा छलफल खास केन्द्रित भएको पाइएन । हाम्रो जस्तो मुलुकले कृषिको विषयलाई प्रमुखतासाथ उठान गर्नुपर्ने थियो तर त्यसो हुन सकेन । जलवायु परिवर्तनका कारण निम्तिएको प्राकृतिक विपद्का कारण मुख्यगरी नेपालजस्तै मुलुक प्रभावित छन् । विश्व समुदायका बीचमा नेपालले जलवायु परिवर्तन र नेपालले यसबाट व्यहोरेको क्षतिका बारेमा जानकारी गराउने अवसर

प्राप्त गरेको थियो । सम्मेलनका छलफलका विषयहरू जल, जंगल, जमीन, हावा, माटो मानव जीवन र समग्र पर्यावरणका विधाहरूलाई केन्द्रमा राखेको पाइयो । तर कृषि र किसानका कुराहरूलाई कम महत्त्व दिएको देखियो यस्ता सम्मेलनमा मुख्य कुरालाई प्रमुख प्राथमिकता दिन सके यसको सान्दर्भिकता पनि बढ्ने मैले पाएको छु । अहिले विश्वभर जलवायु परिवर्तनको प्रभावबाट प्रत्यक्ष रूपमा प्रभावित किसानहरू हुन भन्ने हामीलाई लागेको छ । किसानको जीवन वातावरणमा आधारित हुन्छ भने यो वातावरणलाई जोगाउने काममा समेत किसानहरूको योगदान महत्त्वपूर्ण रहन्छ । सुक्खा जमिनलाई हरियाली बनाउने, पानीका स्रोतहरूलाई बचाउने र समग्र पारिस्थितिक पद्धतिलाई नै सन्तुलनमा राख्न महत्त्वपूर्ण योगादन रहने किसानहरूको लागि

कुनै सहयोग रकमहरू छुट्टाएको मैले पाइनँ। नेपालमा भूकम्प, सुक्खा खडेरी, भारी वर्षा, बाढी, पहिरोले किसानहरूलाई सबैभन्दा बढी प्रभावित पारेको छ। यदि यस्ता समस्याहरू आइरहने सहयोग हुने निकायबाट किसानहरूलाई सहयोग नहुने हो भने विश्वभर खाना खुवाउने किसानहरू खेती छाड्नुपर्ने अवस्थामा पुग्न सक्छन्।

त्यसकारण म विश्वभरका सम्पूर्ण डोनर एजेन्सीहरूलाई किसान र कृषि क्षेत्रमा सहयोग रकम प्रदान गरी जलवायु परिवर्तनबाट प्रभावित कृषि क्षेत्रलाई समयअनुकूल परिवर्तन गर्दै अगाडि बढ्न अनुरोध गर्न चाहन्छु।

२) **जलवायु परिवर्तन र यसबाट परेको प्रभावका विषयमा नेपालको तर्फबाट उठाइएका विषयमा यहाँको धारणा के छ ?**

सम्मेलनमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहालले नेतृत्व गर्नुभएको थियो जुन अत्यन्तै खुसीको कुरा हो। योसँगै विभागीय मन्त्री, विषयविज्ञ र सरकारका विभिन्न जिम्मेवार पदाधिकारीहरूको सहभागिताले यस सम्मेलनमा नेपालको अर्थपूर्ण सहभागिता रह्यो भन्नेमा विश्वस्त हुन सकिन्छ। सम्मेलनका दौरान नेपालको तर्फबाट उठान गरिएका विषयहरू महत्त्वका हिसाबले टिप्पणी गर्नुपर्ने छैन। समय सान्दर्भिक र नेपालको वर्तमान अवस्थालाई प्रतिनिधित्व गर्ने खालका पाएँ। तर मैले अघि भनेजस्तै जलवायु परिवर्तनका कारण मुख्य प्रभावित क्षेत्र कृषि र किसानका कुरालाई अझै प्रभावकारी तवरबाट उठान गर्न सकिन्थ्यो भन्ने लाग्छ। विधागत रूपमा नेपालको सहभागिता र प्रस्तुति अत्यन्तै उपलब्धिमूलक र सान्दर्भिक थिए। विश्व समुदायको ध्यान तानेको यो सम्मेलनमा किसान र कृषिका कुरा जुन रूपमा उठ्नुपर्ने हो त्यो रूपमा उठ्न नसकेको मैले बुझेको छु।

३) **कोप २८ मा जलवायुका कारण मुख्य समस्यामा परेको कृषि र किसानका कुराहरू कुन रूपमा उठेको पाउनुभयो ?**

यो विषयमा मैले पहिले पनि भनिसकेको छु। जलवायु, कृषि र किसान सिधा सम्बन्ध रहेका विषयहरू हुन्। जलवायु परिवर्तनका कारण पर्ने प्रभावबाट प्रभावित हुने मुख्य क्षेत्र नै कृषि हो। कार्बन उत्सर्जन र यसको प्रभाव यसलाई कम गर्न अपनाउनुपर्ने रणनीति लगायतका विषयहरूमा धेरै छलफल भएको पाइयो। तर, कृषि र किसानका विषयलाई कम महत्त्व दिएको देखिएको छ। आगामी दिनमा हुने यस्ता सम्मेलनमा कृषिका विषयलाई पनि प्रमुखताका साथ स्थान दिनुपर्छ।

४) **विकसित देशबाट नेपालले लाभ लिन के गर्नुपर्छ जस्तो लाग्छ ?**

जलवायु परिवर्तनका लागि भूमिका निर्वाह गर्नेमा सबैभन्दा बढी जिम्मेवार र दायित्व विकसित देशहरूको रहेको छ। विकसित देशहरूले कार्बन उत्सर्जनबापत केही रकम प्रभावित देशहरूका लागि प्रदान गर्ने यस अघिका सम्मेलनमा भएको सहमतिसमेत कार्यान्वयन हुन नसकेको हामीले देखेका छौं। यसतर्फ हाम्रोजस्तो लाभका भागिदार देशहरूले जलवायु परिवर्तनको प्रभावका बारेमा आफ्ना कुराहरूलाई मुख्य रूपमा उठान गरी लाभ लिनुपर्ने हुन्छ। त्यसका लागि कूटनीतिक सम्बन्धमा सुधार गर्नुपर्ने हुन्छ। देशको

ul/aL lgjf/0f / cy{Gq ;'wf/df xfdL cAan xf}uPsf 5f}F

कृषि क्षेत्रको प्रवर्द्धनमा साना किसानको महत्त्वपूर्ण योगदान रहँदै आएको छ। कृषिमार्फत साना किसानको जीवनस्तर सुधार, गरिबी निवारणका साथै मुलुकको समृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ २०५८ सालमा स्थापना भएको साना किसान विकास लघुवित्त वित्तीय संस्थाले देशव्यापी संजालमार्फत किसानहरूलाई पुँजी, प्रविधि, उद्यमशिलता तालिमलगायत सेवा प्रदान गर्दै आएको छ। यिनै विविध विषयमा संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालासँग गरिएको कुराकानी:

डा. शिवराम प्रसाद कोइराला
प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१. साना किसान विकास लघुवित्त वित्तीय संस्था कस्तो संस्था हो ?

जहाँ गरिब छन्, जहाँ किसानहरूका लागि पुँजी, प्रविधि, ज्ञान, सीप र क्षमता विकासका लागि सहयोगको आवश्यकता छ हो त्यस्तो स्थानमा पुग्ने संस्था साना किसान विकास लघुवित्त वित्तीय संस्था हो। युवाहरूलाई उद्यमसँग जोड्दै आय-आर्जनमार्फत समग्र अर्थतन्त्रको सुधारमा काम गर्ने संस्था हो साना किसान। महिलाहरूलाई सचेतनामार्फत सीमित घेराबाट समतामूलक समान सहभागिता सहितको समाज निर्माणमा काम गरिरहेको संस्था हो साना किसान। आर्थिक अभावका कारण होस वा चर्को ब्याजका कारण समस्यामा परेका किसानहरूलाई आड, भरोसा र विश्वास दिने संस्था हो साना किसान।

हामी यी र यस्तै उद्देश्य राखेर २०५८ सालमा स्थापना भएका थियौं। नेपाल सरकार, कृषि विकास बैंक, केही वाणिज्य बैंक र साना किसान सहकारीसमेतको लगानीमा साना किसान विकास बैंक स्थापना भएको थियो। तर २०६२/०६३ मा बैंक तथा वित्तीय संस्था अध्यादेश आइसकेपछि गरिबी निवारणको क्षेत्रमा काम गर्ने बैंकहरूलाई लघुवित्तका रूपमा ऐनमा व्यवस्था भएसँगै यो संस्था लघुवित्तमा रूपान्तरण भएको हो। त्यसो त त्यसअघि नै नेपालमा साना किसान कृषि सहकारी संस्थाहरू स्थापना भई सञ्चालन भइसकेका थिए। साना किसान विकास आयोजनाका रूपमा २०३२ सालदेखि कृषि विकास बैंकमार्फत सुरु भएको साना किसान विकास कार्यक्रम २०५८ मा साना किसान विकास बैंक स्थापनासँगै सहकारी स्वरूपमा जान थालेपछि साना किसान र कृषि सहकारीको सञ्जाल थपिँदै गएको हो।

२. संस्थाको मुख्य लक्ष्य, उद्देश्य के हो ?

मुख्य लक्ष्य भनेकै ग्रामीण अर्थतन्त्रको दिगो रूपान्तरण हो। ग्रामीण अर्थतन्त्र भनेको कृषिमा आधारित अर्थतन्त्र नै हो। त्यसैले कृषिको रूपान्तरणबिना ग्रामीण अर्थतन्त्र रूपान्तरण हुनसक्दैन। कृषिको आधुनिकीकरण र व्यावसायिकीकरणका लागि पुँजी, प्रविधि र तालिमलगायत आवश्यक पर्ने भएकाले हामी पनि त्यसैमा काम गरिरहेका छौँ। युवा उद्यमशीलतका लागि पनि हामीले साना किसान सहकारीमार्फत काम गरिरहेका छौँ।

३. संस्थाको पछिल्लो अवस्था कस्तो छ ?

सेवा विस्तारतर्फ हालसम्म हुम्लाबाहेक ७६ जिल्ला र करिब पाँचसय ४२ भन्दा बढि स्थानीय तहमा हाम्रो

सेवा विस्तार भइसकेको छ भने करिब १२ लाख परिवार समेटिएका छन् । जसमध्ये ८० प्रतिशत महिला रहेका छन् । समावेशिताका हिसाबले दलित, जनजाति, विपन्न समुदायलाइ वित्तीय र प्राविधिक सहयोग प्रदान गर्दै आएको छ ।

अहिले आरएमडिसीसँगको मर्जरपछि झण्डै ४२ लघुवित संस्था हामीसँग जोडिएका छन् । हामी हाम्रा साझेदार साना किसान सहकारी र लघुवित्त संस्थामार्फत साना किसानलाई वित्तीय र प्राविधिक सहयोग गर्छौं । संस्थाको वित्तीय अवस्था पनि बलियो छ । करिब ५० अर्बको वासलात छ भने करिब ४५ अर्ब बराबरको ऋण सम्पत्ति छ । निष्क्रिय कर्जा एक प्रतिशतभन्दा कम छ । वास्तवमा यस्तो विश्वव्यापी आर्थिक मन्दी, सहकारी, बैंक तथा वित्तीय संस्थाविरुद्ध भइरहेको गतिविधिका बाबजुद पनि निष्क्रिय कर्जा एक प्रतिशतभन्दा कम हुनु आफैँमा उदाहरणीय अवस्था हो । संस्थाका समग्र वित्तीय सूचक र व्यवसाय वृद्धिले पनि के देखाउँछ भने यो संस्था साना किसान, गरिब र विपन्नका लागि असाध्यै लोकप्रिय छ ।

कृषिप्रधान देश भनिएको छ, कृषिलाई उच्च प्राथमिकता दिने भनिएको छ, नीति तथा कार्यक्रम पनि त्यस्तै बनेका छन् तर सोहीअनुसार न्यूनतम सुविधा पनि पाउन नसक्दा किसान मर्कामा पर्दै आएका छन् ।

४. भनेपछि सहकारी क्षेत्रमा समस्या आए पनि संस्थालाई खासै असर गरेन ?

विश्व आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्था, बचत सहकारीमा देखिएको केही न केही असर त हामीलाई पर्‍यो । तर, त्यो न्यून रहेको छ । आर्थिक मन्दीभन्दा पनि सहकारी, लघुवित्तको ऋण नै तिर्नुपर्दैन भन्ने भ्रामक प्रचारबाजीले केही असर देखिएको हो ।

५. मन्दीका कारण बजारमा माग घटेको छ, यस्तो अवस्थामा साना किसानका उत्पादनले पनि बजार नपाउँदा उनीहरूलाई कर्जा भुक्तानीमा समस्या होला नि ?

त्यो त राष्ट्रव्यापी समस्या हो । किसानले उत्पादनको लागत अनुसारको मूल्य पाउन सकेका छैनन् । उखु किसान, दुग्ध किसानको अवस्थाले पनि त्यो देखाउँछन् । हामीले पनि दूध र मासुजन्य उत्पादनका लागि भनेर धेरै किसानमा लगानी गरेका छौं । कृषिप्रधान देश भनिएको छ, कृषिलाई उच्च प्राथमिकता दिने भनिएको छ, नीति तथा कार्यक्रम पनि त्यस्तै बनेका छन् तर सोहीअनुसार न्यूनतम सुविधा पनि पाउन नसक्दा किसान मर्कामा पर्दै आएका छन् । हामीले किसानको आफ्नै बजारको माग गर्दै आएको लामो समय भईसकेको छ । हाम्रो संस्थाका अध्यक्ष खेम बहादुर पाठक साना किसानको आफ्नै कृषि बजार हुनुपर्छ भनेर लाग्नुभएको लामो समय भइसकेको छ । सरकारको नेतृत्वमा रहनेहरूले यसलाई कार्यन्वयनमा ल्याउन सक्नुभएको छैन । हामी त किसानहरूले उत्पादन गरेको हरेक कृषिजन्य उत्पादन बिचौलियाबिना बजारमा पुऱ्याउन चाहन्छौँ । यसो गर्न सके किसान र उपभोक्ताहरू दुवैलाई लाभ हुने विश्वास गर्न सकिन्छ ।

६. अहिले अनलाइन मार्केट संचालनमा आएका छन्, वस्तु तथा सेवा बिक्रीका लागि बजार नै चाहिन्छ भन्ने छैन नि ?

हो, हामी किसानलाई यसमा पनि जोड्न खोजिरहेका छौं । हाम्रो लक्ष्य भनेको ग्रामीण अर्थतन्त्रको संरचनागत रूपान्तरण हो । त्यसका लागि हामीले पाँचवटा रणनीति बनाएका छौं । पहिलो, सबैलाई वित्तीय पहुँच, दोस्रोमा कृषिको रूपान्तरणका लागि शिक्षित युवालाई कृषिमा संलग्न गराउने, तेस्रोमा गाउँमा कृषि प्रशोधन उद्योग स्थापना गरेर रोजगारी सिर्जना गर्ने, चौथोमा वातावरण संरक्षण र पाँचौमा डिजिटल टेक्नोलोजीको प्रवर्द्धन गर्ने रहेको छ । जसमा अनलाइन मार्केट पनि पर्छ । तथापि डिजिटलले टेक्नोलोजीको रणनीति कार्यान्वयनमा आइसकेको भने छैन ।

७. शिक्षित युवा पलायन रोकी कृषिमा जोड्न संस्थाले के गरेको छ ?

दुई वर्ष अघिसम्म हामीले साना किसान परिवारका युवालाई इजरायलमा कृषि प्रविधि सिक्न पठाउँदै आएका थियौं। त्यहाँबाट उनीहरू १० देखि ११ महिने तालिम लिएर स्वदेश फर्किने गरेका थिए। हालसम्म ३२ सय युवा त्यस्तो तालिममा सहभागी भइसकेका छन् भने झण्डै ३५ प्रतिशतले तालिमपछि स्वदेश फर्किएर आफ्नै कृषि उद्यम सुरु गरेको अवस्था छ।

अर्को कुरा, हामीले गाउँ-गाउँमा नेपाल सरकारमार्फत एसियाली विकास बैंकबाट सहुलियत कर्जा प्राप्त गरेका छौं, जसलाई ग्रामीण उद्यम कर्जा भनिन्छ । उक्त सहुलियत कर्जा साढे आठ नौ प्रतिशत व्याजदरमा किसानले पाउने गरी त्यो कर्जा गाउँ गाउँमा पुऱ्याएको छौं । यस्तो सहुलियत कर्जाबाट बर्दियामा किसानले व्यवसायिकरूपमै तोरी खेती गरेर आफैं तेल उत्पादन सुरु गरेका छन् । तेल आफ्नै लोगो राखेर बजारमा ल्याउँदै छन्।

त्यस्तै ठाउँ ठाउँमा डेरी, उद्योग चिया प्रसोधन उद्योग संचालनमा आएका छन् । हामी पैसामात्र दिँदनौं,प्राविधिक सहयोग पनि गर्छौं, तामिल पनि दिन्छौं। अहिले इजरायलको कार्यक्रम रोकिएको भएपनि हामीले यही सिटिइभिटीमा युवाहरूलाई कृषि प्रविधिक तालिमको व्यवस्था मिलाएका छौं भने केहीलाई तालिमका लागि भारत पठाउँदै छौं।

८. साना किसान विकास लघुवित्तले कत्तिसम्म कर्जा दिन्छ ?

लघुवित्तको सीमा सात लाख छ। लघुवित्तले योभन्दा बढी ऋण दिन नपाउने व्यवस्था राष्ट्रबैंकले गरेको छ। तर हामीले सरकार तथा नेपाल राष्ट्र बैंकबाट छुट्टै स्वीकृति लिएर व्यक्तिलाई ५० लाख र समूहका लागि दुई करोडसम्म ऋण दिने व्यवस्था मिलाएका छौं । यसको प्रभाव सकारात्मक पनि देखिएको छ। हामीले कर्जा प्रवाह गर्नुपूर्व कर्जा लिनेको व्यावसायिक योजना, स्थलगत अनुगमन, सम्भाव्यता अध्ययन गरेर मात्र कर्जा लगानी गर्दै आएका छौं। यसको प्रतिफल पनि अत्यन्तै उत्साहजनक रहेको छ। हामी यसलाई हाम्रो कार्यक्षेत्रभर लागू गरिरहेका छौं।

९. अहिलेको आर्थिक अवस्थाबाट मुलुकलाई माथि उठाउन सरकार, वित्तीय संस्था र निजी क्षेत्रको भूमिका कस्तो हुनुपर्छ ?

हो कुनै पनि देशको आर्थिक अवस्था सधै स्थिर रहँदैन । त्यसो त पछिल्लो समय विश्वभर नै आर्थिक संकटको समस्या देखिएको छ। हाम्रोजस्तो मुलुकमा आर्थिक सुधारका लागि राज्य, निजी क्षेत्र र नागरिक एकैपटक लाग्नुपर्ने देखिन्छ । यस्तो अवस्थामा सरकारले गर्ने भनेको तीनखम्बे अर्थनीति कार्यान्वयन गर्ने हो। किनभने हाम्रो सविधानले तीनखम्बे अर्थनीतिलाई स्वीकार गरेको छ। त्यसैले सहकारी पनि अर्थतन्त्रको एक मुख्य खम्बा हो । उचित व्यवस्थापन गर्न नसकेका कारण अहिले सहकारीमा समस्या आएको भए पनि सामाजिक आर्थिक रूपान्तरणका लागि सहकारी नभई नहुने क्षेत्र हो । त्यसमा पनि साना किसान कृषि सहकारीको योगदान त बहुआयामिक छ। यस्ता कृषि सहकारीलाई सरकारले अझै सहयोग बढाउनुपर्छ । हाम्रो जस्तो वित्तीय संस्थाले वित्तीय साक्षरता र सहकारी शिक्षामा जोड दिनुपर्छ।

हामीले दुईवटा सम्मेलन गरिसक्यौं, पछिल्लो सम्मेलनको नारा 'साना किसानको समृद्धि, कृषिको रूपान्तरण, उद्यमशीलताको विकास' रहेको थियो । जवसम्म युवालाई कृषि क्षेत्रमा आकर्षित गर्न सकिँदैन, तबसम्म कृषिको रूपान्तरण हुन सक्दैन । युवालाई

उचित व्यवस्थापन गर्न नसकेका कारण अहिले सहकारीमा समस्या आएको भए पनि सामाजिक आर्थिक रूपान्तरणका लागि सहकारी नभई नहुने क्षेत्र हो ।

कृषिमा आकर्षित मात्रै होइन, उनीहरूलाई यसैमा लागिरहने वातावरण बनाउनुपर्ने आवश्यकता छ।

स्थानीय तहले पनि साना किसान सहकारीसँग समन्वय गरेर कृषिका कार्यक्रम लगानी गर्नुपर्छ । किसान र कृषिमैत्री महोल सिर्जना गर्नुपर्छ। एउटा अध्ययन भएको थियो, जसले हाम्रो साना किसान विकास लघुवित्तले सरकारबाट स्रोतहरू ल्याएर साना किसानमा गरेको लगानीबाट किसानको आयमा पाँचदेखि ११ गुणासम्म वृद्धि भएको देखाएको छ।

१०. आरएमडिसीसँगको मर्जरपछिको आगामी रणनीति के छ ?

मर्जरअघि दुई संस्थाबीच एक खालको प्रतिस्पर्धाको वातावरण थियो । कर्जाको डुब्लिकेसनको जोखिम थियो। अहिले सबैभन्दा ठूलो साना किसान विकास लघुवित्त र दोस्रो ठूलो आरएमडिसी मर्जपछि एक खालको सिनर्जी आएको छ। जसबाट सेवा विस्तार भएको छ, पुँजी वृद्धि भएको छ। अहिले झण्डै आठ अर्बका पुँजीकोष बनेको छ भने तीन अर्ब ३३ करोड चुत्ता पुँजी नै छ । यसवर्ष १५ प्रतिशत लाभांशपछि चुक्ता पुँजी झण्डै चार अर्ब पुग्नेछ। दुई संस्था मर्जपछि पनि हाम्रो प्राथमिकता भने खासै परिवर्तन हुँदैन किनभने दुई संस्थाको लक्ष्य र उद्देश्य एउटै हो । अब यसै वर्ष हुम्लामा पनि सेवा विस्तार गर्नेछौं। मर्जरपछि त्यो आँट र हिम्मत बढेको छ।

११. आफ्ना सदस्य संस्थाभित्रका गाउँका सदस्य परिवार कस्तो होऊन् भन्ने चाहनुहुन्छ ?

आजका विपन्न परिवारहरू न्यूनतम सेवा सुविधाबाट वञ्चित छन्, ल्याण्डलेस छन्। कम्तीमा पनि बस्ने एउटा घर होस्, एक-दुईवटा गाई, भैँसी वा १० वटा बाख्रा पालेको होस्, छोरीछोरी कम्तीमा पनि सामुदायिक विद्यालयमा पढ्न जानसक्ने अवस्था बनोस्, सामान्य उपचारको पहुँच होस् । दैनिक आयआर्जनको स्रोत होस्। अर्थात् न्यूनतम मानवीय सेवा सुविधाबाट वञ्चित हुनु नपरोस् भन्ने नै हो।

देशभरका सहकारी संघ संस्थाका लेखा समितिका पदाधिकारीहरूका लागि आयोजना गरिएको लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी कार्यक्रममा आफ्नो कार्यपत्र प्रस्तुत गरेपछि छलफलमा भाग लिँदै साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का नायब प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडा (बायाँबाट दोश्रो) लगायत सहभागीहरू।

Pstfn];d[4sf];Defjgf a9f0/xsf]5

ग्रामीण अर्थतन्त्र सुधार गर्दै गरिबी निवारणका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.सबिकको आरएमडिसी लघुवित्त गाभिएपछि अझै ठूलो र फराकिलो कार्यक्षेत्रसहित अगाडि बढिरहेको छ । यसै सन्दर्भमा आफ्नो सञ्जालमा रहेका संस्था र सदस्यहरूको जीवनस्तर सुधारका लागि कार्य गरिरहेको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापासँग गरिएको कुराकानीको सम्पादित अंश प्रस्तुत गरिएको छ ।

पृथबहादुर थापा
नायव प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१) **बैंक तथा वित्तीय संस्थाहरूको मर्जर आवश्यकता हो कि बाध्यता ?**

सामान्यतः देशको अर्थ व्यवस्थाको आकारको आधारमा कुनै देशमा बैंक तथा वित्तीय संस्थाको आवश्यकताको संख्या यकिन हुन्छ । हाम्रो जस्तो सानो अर्थतन्त्र भएको देशमा हालको बैंक तथा वित्तीय संस्थाहरूको संख्या समान्यतः ठिक हो बेठिक हो भन्ने सम्बन्धमा देशको अर्थ व्यवस्था, नियमन निकायको क्षमता, सेवाग्राहीको वित्तीय साक्षरतास्तर, बैंक तथा वित्तीय संस्थाहरूको व्यावसायिकता, राज्यको भावी योजना तथा वित्तीय संस्थाको व्यावसायिकता आदिले तय गर्छ । २०८० असारको नेपाल राष्ट्र बैंकको तथ्यांकलाई मध्यनजर गर्ने हो भने नेपालमा २० वटा वाणिज्य बैंकहरू, १७ वटा विकास बैंकहरू, १७ वटा वित्तीय संस्थाहरू र ५७ वटा लघुवित्त वित्तीय संस्थाहरू गरी जम्मा १११ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् । नेपालको तुलनामा झण्डै ८८ गुणाले बढी जिडिपी रहेको भारतको वाणिज्य बैंकहरू संख्या झण्डै ५ गुणाले बढी रहेका छन् । नेपाल जस्तो सानो अर्थतन्त्र भएको देशमा सामान्यतः बढी भएको देखिन्छ । लघुवित्तमा देखिएका समस्या र संस्थाहरूको संख्यालाई मध्यनजर गर्दा लघुवित्त संस्थाहरूलाई दिगो रूपमा अगाडि बढ्न मर्जरको आवश्यकता देखिन्छ । नियमक निकायले सोका लागि आवश्यक कानुनी व्यवस्था गरी सहजीकरण गरेको देखिन्छ ।

राज्यले कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट सर्वसाधारणले गुणस्तरीय सेवा पाएका छन् कि छैनन् र सोबाट सर्वसाधारणको हित भएको छ छैन भन्ने चासो राखी उचित व्यवस्थापन गर्न पहल गर्नु स्वाभाविक तथा जिम्मेवारी पनि हो । सर्वसाधारणको हितको सुरक्षा छ छैन त्यसमा कुनै खतरा हुँदै छ कि सोसमेत हेर्ने काम राज्यको हो । त्यसैगरी बदलिँदो परिवेशअनुरूप बैंक तथा वित्तीय संस्थाले सेवा प्रदान गर्न सकेका छन् कि छैनन् यसको समेत नियमन गर्ने र उचित व्यवस्थापन गर्ने कार्य राज्यको दायित्वभित्र पर्दछ । संस्थाहरू सहज रूपमा चल्दा चल्दै पनि राज्यको भावी योजनाबमोजिम संस्थाहरूका गतिविधिहरूलाई अनुकूल बनाउनसमेत आवश्यक नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । त्यसैले पनि मर्जर आवश्यकता हो ।

खास गरी थोक कर्जा प्रदायक संस्थाहरूको आफ्नै वित्तीय स्रोत नहुने र कर्जा लगानीको लागि बैंक वित्तीय संस्थाबाट कर्जा लिई उनै बैंक वित्तीय संस्थासँग प्रतिस्पर्धा गर्नुपर्ने तथा सुलभ कर्जाको लागि बाह्य दातृ निकायसँग परनिर्भर हुनुपर्ने अवस्था छ । साच्चै

भन्नुपर्दा थोक कर्जा लगानी गर्ने वित्तीय संस्थाहरू कर्जा लगानीको लागि पूर्ण रूपमा परनिर्भर छन् । हाल विभिन्न दातृ निकायबाट प्राप्त गरेको यस्तो कर्जाको आयु पनि देश अतिकम विकसितबाट स्तरोन्नति भई कम विकसित देशतर्फ अगाडि बढिरहँदा अतिकम विकसित राष्ट्रको हैसियतमा अन्तर्राष्ट्रिय संघ संस्थाबाट यस अघि पाइरहेको सहुलियत कर्जामा समेत कमी आउन सक्ने वा पाउँदै नपाउन सक्ने अवस्था हुन सक्ने सम्भावनाहरूका कारण पनि थोक कर्जा प्रदायक संस्था मर्जरमा जानुपर्ने आवश्यकता देखिन्छ ।

नेपाल राष्ट्रबैंकले तोके बमोजिमको पुँजी नपुऱ्याएको, विगत पाँच वर्षदेखि लगातार नोक्सानीमा रहेको, नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशन पटक-पटक उल्लंघन गरी कारबाहीमा परेको, नेपाल राष्ट्र बैङ्कले तोकेबमोजिम जोखिम व्यहोर्ने कोष कायम गर्न नसकेको, एउटै व्यक्ति/समूहद्वारा प्रवर्द्धन भएका तथा एकाघर परिवार एवम् व्यावसायिक समूहको प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व/नियन्त्रणमा रहेका संस्थाहरू र व्यावसायिक सम्बन्ध स्थापित भएका संस्थाहरूलाई मर्जर गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको छ । समस्या भएका वा नभएका दुवै संस्थालाई दिगो रूपमा संचालन हुन हाम्रो जस्तो देशमा मर्जर आवश्यकता हो । यसरी मर्जरसम्बन्धी व्यवस्था आवश्यकता र वाध्यता दुवै भएको देखिन्छ । नेपालका वित्तीय संस्थाहरूको लागि मर्जर आवश्यकता र बाध्यकारी के हो यो संस्थाले लिने भावी लक्ष्य पनि प्रभाव पार्दछ ।

संक्षेपमा उल्लेख गर्नुपर्दा हाम्रो जस्तो देशमा मर्जर निम्न कारणहरूबाट आवश्यकता भएको देखिन्छ :

- बैंक तथा वित्तीय संस्थामा अस्वस्थ प्रतिस्पर्धाका कारण समस्या आउन थालेकोले सोमा कमी गर्न,
- प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्नको लागि,
- सानो अर्थतन्त्रमा ठूलो मात्रामा बैंक वित्तीय संस्था भएकोले बैंक तथा वित्तीय संस्थाको दिगोपनाको लागि,
- देशको भूगोल तथा अर्थतन्त्र सानो भएको र सेवाग्राहीको वित्तीय साक्षरता स्तर ज्यादै न्यून रहेकोले वित्तीय रूपमा बलियो बनाउनको लागि ।
- देशमा वित्तीय क्षेत्रमा कर्जा गुणस्तरमा अधिक ऋण भारका कारण समस्या आएकोले सोमा कमी ल्याउन ।
- मर्जरबाट सिनर्जी परिणाम ल्याउन ।

२) साबिकका आरएमडिसी र साना किसान विकास लघुवित्त वित्तीय संस्था एकीकरणपछि अब कुन रूपमा अगाडि बढ्नुहुन्छ ?

साबिकको आरएमडिसी तथा साना किसान दुवै सवल र आ आफ्नो क्षेत्रमा एउटा छुट्टै पहिचान बनाएका संस्थाहरू हुन् । दुवै संस्थाहरू एकीकरण नगरी नहुने संस्था पनि होइनन् । कृषि विकास बैंक वाणिज्य बैंकमा रूपान्तरणपछि देशमा कृषि क्षेत्रमा नै केन्द्रित रहेर लगानी गर्ने विशिष्टकृत संस्थाको अभाव रहेको छ । सरकार पनि वास्तविक किसानसमक्ष राज्यबाट व्यवस्था गरिएका सेवा सुविधा पुऱ्याने प्रभावकारी माध्यमको खोजिमा छ । प्रथमतः यसलाई एक अवसरको रूपमा लिई एक भरपर्दो सरकारको साझेदारको रूपमा काम गर्ने र देशलाई कृषि आत्मनिर्भर बनाउनको लागि सहयोगीको भूमिका खेल्ने नै हो । भनिन्छ नि सिंहदरबार धाउनेले सरकारी सेवा सुविधा पाउँछ खेतबारी धाउनेले पाउँदैन । यो अवस्थामा सरकारलाई वास्तविक किसानसम्म राज्यका सेवा सुविधा पुऱ्याउने एक भरपर्दो साझेदार संस्थाको आवश्यकता रहेको छ । एकीकरणले यसको पुँजी वृद्धि भएको छ, १७ सयभन्दा बढी साझेदार संस्थामार्फत ७७ जिल्लाका ७ सय ५३ पालिकामध्ये ५ सय ५३ पालिकामा उपस्थिति रहेको छ । झण्डै २० लाखभन्दा बढी घरधुरीलाई आफ्ना साझेदार संस्थामार्फत सेवा दिइरहेको छ । गरिब विपन्न र साना किसानहरूको घर दैलोमा कार्य गर्ने यो देशकै सबैभन्दा ठूलो सञ्जाल भएको संस्था भएको छ । यसलाई स्तरोन्नत हुनको लागि पर्याप्त पूर्वाधारसमेत बनिसकेको छ । त्यसैले स्तरउन्नत भई देशलाई कृषि क्षेत्रमा लगानी गर्ने भरपर्दो संस्था बनेर देशको कृषि उत्पादन बढाई कृषिजन्य उत्पादनहरूको आयातमा कमी ल्याई निर्यात प्रवर्द्धन गर्न, कृषिलाई व्यावसायीकरण गरी रोजगारी वृद्धि गर्न, श्रमका लागि विदेशिने युवालाई स्वदेशमा नै रोजगारी दिने वातावरण बनाई सरकारलाई गुणात्मक सहयोग गर्ने लक्ष्य हो ।

वास्तवमा भन्नुपर्दा देशको स्थानीय तहदेखि प्रदेश र संघ सरकारसम्म भारतको नावार्ड, थाइलेण्डको वाक (BAAC) तथा बंगलादेशको पालिकर्म सहायक जस्तो देशका आर्थिक तथा सामाजिक विकासको लागि एक विशिष्टीकृत संस्थाको रूपमा रूपान्तरण भई देशकै मुहार फेर्ने संस्थाका रूपमा काम गर्ने लक्ष्य हो।

त्यसैगरी, देशको लघुवित्त पहुँच तथा गरिबी न्यूनीकरणमा लघुवित्त तथा सहकारी क्षेत्रमा अहं भूमिका रहेको सबैले महसुस गरेको अवस्थामा यस्ता संस्थाहरूमा देखिएको विविध समस्याहरूको समाधानको लागि यदि राज्यबाट यस संस्थाको लागि आवश्यक व्यवस्था गरेको खण्डमा सहयोगीको भूमिका खेली राज्यको गरिबी न्यूनीकरणको भूमिका विशिष्टीकृत संस्थाका रूपमा भूमिका खेल्ने यस संस्थाको अर्को लक्ष्य हो। यस सम्बन्धमा लघुवित्त समस्या र समाधान समितिले २०८० भदौमा प्रकाशित गरेको प्रतिवेदनको सुझावमा समेत मर्जरपछि बनेको साना किसानलाई यसको विकल्पको रूपमा उल्लेख गरिसकेको छ। अब त दुवै मजबुत र प्रतिष्ठित संस्था एक आपसमा एकीकरण भई एक ठाउँमा उभिँदा उक्त प्रतिवेदनमा उल्लेख गरेबमोजिम कार्य गर्नसक्ने देखिन्छ।

> नेपाल कृषि प्रधान देश भएपनि कृषि क्षेत्रमा लाग्ने कतिपय कृषकहरु आवश्यक पुँजीको अभावमा कृषि व्यवसायलाई विकास तथा विस्तार गर्न नसकेको आजको यथार्थता हो ।

३) **अहिलेका लघुवित्त वित्तीय संस्थाहरूले मुख्य गरी कुन क्षेत्रका सेवाग्राहीलाई बढी प्राथमिकता दिनुपर्ने देख्नुहुन्छ ?**

अहिले लघुवित्तको उपस्थिति ७७ जिल्लामा भए पनि अझै केही पालिका सेवा पुग्न बाँकी रहेको देखिन्छ। त्यस्ता सेवा नपुगेका पालिकाहरूमा वित्तीय सेवा पुग्नु पर्ने देखिन्छ । लघुवित्त संस्थाहरूले त्यस्ता क्षेत्रमा ठूलो सम्भावनाको रूपमा कृषि तथा पर्यटन क्षेत्रको विकासको लागि जोड दिँदा स्थानीय स्तरमा लघुउद्यम तथा रोजगारको विकास गर्ने देखिन्छ।

देशमा भएको पेशा व्यवसायको विविधता नै यो देशको मौलिकता र सुन्दरता हो। लगानी गर्नेले यसैमुताविक यस्ता पेशा व्यवसायको विकास र प्रवर्द्धनको लागि लगानी गर्दा त्यो नै दिगो र अरूभन्दा विशिष्ट हुने गर्दछ। त्यसैले लगानी गर्दा हरेक भौगोलिक क्षेत्रको विशेषताको आधारमा लगानीलाई प्राथमिकता दिँदा त्यसले छुट्टै पहिचान वनाउँछ। नेपाल कृषि प्रधान देश भएपनि कृषि क्षेत्रमा लाग्ने कतिपय कृषकहरू आवश्यक पुँजीको अभावमा कृषि व्यवसायलाई विकास तथा विस्तार गर्न नसकेको आजको यथार्थता हो । त्यसैले कृषिजन्य उत्पादन बाहिरबाट ल्याई खानु पर्ने देशमा लगानीका लागि वित्तीय पुँजीको आवश्यकता परेका कृषक तथा कृषिको विकासमा सहयोग गर्नेलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

४) **साना किसान विकास लघुवित्त वित्तीय संस्थाले काम गर्ने क्षेत्रलाई कसरी अझै प्रभावकारी बनाउँदै लैजाने सोच बनाउनुभएको छ ?**

साना किसानले कर्जा लगानी गर्ने मात्र होइन संस्थाहरूको क्षमता विकास पनि गर्ने हो । जबसम्म ग्रामीण स्तरमा रहेर काम गरिरहेका संस्थाहरूको क्षमताको विकास हुदैन र यस्ता संस्थाको व्यावसायीकतामा विकास हुँदैन तबसम्म वित्तीय पहुँचको निरन्तरतामा हामी निश्चित हुन सक्दैनौं। त्यसैले साना किसान नभएका पालिकाहरूमा साना किसान सहकारी संस्थाहरूको प्रवर्द्धन गर्ने र संस्थाको क्षमता विकासमा बढीभन्दा बढी जोड दिनुको साथै विद्यमान वस्तु तथा सेवालाई अझ सेवाग्राही मैत्री बनाउन नवप्रवर्द्धन तथा विकासका लागि आवश्यक अनुसन्धान तथा विकासमा जोड दिने रहेको छ।

नेपालको सहकारीहरूको विकास क्रमलाई हेर्ने हो भने सानो क्षेत्रमा कार्यरत रहेको संस्थाको तुलनामा ठूलो क्षेत्रमा कार्यरत रहेका संस्थाहरूमा संस्थागत विकास तुलनात्मक रूपमा राम्रो देखिन्छ। सहकारी संस्थाहरूबीच देखिएको अस्वस्थ प्रतिस्पर्धा, कमजोर संस्थागत विकास, सदस्यहरूको संस्थाप्रति ठूलो

सेवाको अपेक्षा, प्रविधिमा भएको ठूलो विकास र यसलाई समयानुसार संस्थाहरूले अपनाउन नसक्नु, अनुगमन तथा निरीक्षण फितलो हुँदा सहकारीमा मौलाएको हिनामिना जस्ता पक्षहरूलाई मध्यनजर गर्दा एकै स्थानीय निकायमा कार्यरत रहेका सहकारी संस्थाहरूलाई मर्जर गर्न सहजीकरण गरी सहकारी संस्थाहरूलाई वित्तीय तथा व्यवस्थापकीय रूपमा सबल बनाउनुपर्ने देखिएको छ।

संस्थाबाट कार्यान्वयनमा ल्याइएका कार्यक्रमहरूको प्रभावकारीताको लागि आवश्यकताबमोजिम अनुसन्धान तथा विकास कार्यलाई जोड दिई सोमार्फत कार्यक्रमहरूको मूल्यांकन गरी आवश्यकताबमोजिम नीति तथा रणनीति संशोधन तथा नयाँ नीति बनाई अगाडि बढ्ने कार्यलाई निरन्तरता दिने सोच रहेको छ। त्यसैगरी हरेक कार्यक्रमको परिकल्पनाबमोजिम कार्यान्वयनको सुनिश्चित हुन अनुगमन तथा निरीक्षण तथा आन्तरिक नियन्त्रण व्यवस्थालाई समयअनुसार अझ सबलीकरण, सुदृढीकरण तथा प्रविधि सम्पन्न गर्ने सोच रहेको छ। त्यसैगरी भविष्यमा प्रविधिको सहायताबाट संस्था तथा साझेदार संस्थाहरूलाई कागजरहित बनाउने सोच रहेको छ।

> निक्षेप परिचालन गर्ने व्यवस्था छैन यस्तो प्रतिस्पर्धात्मक अवस्थामा सबैका अपेक्षालाई सँगै लिएर जान थोक प्रदायक संस्थाहरुको लागि चुनौतीपूर्ण देखिन्छ ।

साना किसान कृषि सहकारी संस्थाले कृषि क्षेत्रमा लगानीलाई बढी जोड दिएकोले सुलभ कर्जाको लागि दातृ निकाय, प्रदेश तथा स्थानीय सरकारसँग पहल गरेर सुलभ कर्जाका साथै कृषिमा व्यवसायीकता ल्याउन आवश्यक क्षमता विकास कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाउँदै वृद्धि गर्ने योजना बनाएको छ।

त्यसैगरी कृषिमा दिगो सुलभ कर्जाको व्यवस्थापनको लागि कृषि फण्ड जारी गर्ने र सोमा लगानी गर्ने वाणिज्य बैंकहरूलाई कृषिमा लगानी गरेको हुने व्यवस्था गराउन नेपाल राष्ट्र बैंकसँग पहल गर्ने रहेको छ।

लघुउद्यमको विकास तथा विस्तारले मात्र रोजगारीमा वृद्धि हुनुको साथै गरीवी न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले लघुउद्यमको विकास तथा विस्तारको लागि हाल कार्यान्वयन रहेको ग्रामीण उद्यमकर्जालाई अझ व्यापकता दिनु पर्ने देखिन्छ।

स्वयं वित्तीय संस्था सवल र दिगो भएमा मात्र संस्थाले सोचे बमोजिम कार्य गर्न सकिने भएकोले साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई वित्तीय रूपमा अझ आत्मनिर्भर र दिगो बनाउन यसलाई एक सवल कृषि तथा ग्रामीण विकास बैंकको रूपमा रूपान्तरण गर्नको लागि नेपाल राष्ट्र बैंकसँग पहल गर्ने रहेको छ।

५) राज्यले लघुवित्त वित्तीय संस्थाका लागि निर्माण गरेका ऐन, नियम र कानुन र तपाईंहरूले गर्ने कामको तादाम्यता मिलेको छ ?

सर्वप्रथम राज्यले लघुवित्त संस्थाको लागि आवश्यक ऐन, नियम र कानुनको व्यवस्था गर्नु आफैंमा महत्त्वपूर्ण पक्ष हो। ऐन, कानुन र नियम विकास तथा असल व्यवस्थापनको लागि हो। त्यसैले ऐन, कानुन र नियम समयानुसार वन्दै जान्छन् संशोधन पनि हुँदै जान्छन्। कहिले काँही यस्ता नीति नियम, ऐन कानुनको जानकारी विना कार्यक्रम सञ्चालन गर्दा आफु मात्र नभई अरूलाई समस्या हुन सक्दछ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था भनेको थोक कर्जा दिने घ वर्गको लघुवित्त वित्तीय संस्था हो। वित्तीय क्षेत्रमा थोक कर्जा दिने संस्थाहरूमा यस्ता संस्था हुन जसले लगानीका लागि पूर्णतः अरू माथि भर पर्नु पर्ने हुन्छ। वाणिज्य बैंकहरूसँग कर्जा लिएर उनीहरूसँगै प्रतिस्पर्धा गर्नु पर्छ। निक्षेप परिचालन गर्ने व्यवस्था छैन यस्तो प्रतिस्पर्धात्मक अवस्थामा सबैका अपेक्षालाई सँगै लिएर जान थोक प्रदायक संस्थाहरूको लागि चुनौतीपूर्ण देखिन्छ।

थोक प्रदायक संस्थाहरूले विपन्न वर्गअन्तर्गत लिएको कर्जा पूर्वभुक्तानी गर्दा बैंक तथा वित्तीय संस्थाहरूले

पूर्वभुक्तानी शुल्क लगाउने सक्ने व्यवस्था रहेको छ। बैंक तथा वित्तीय संस्थाहरूले सो अभ्यास गरिरहेका छन् तर सो थोक कर्जा प्रदायक संस्थाहरूलाई सो सुविधाको व्यवस्था गरिएको छैन । थोक प्रदायक संस्थाहरूलाई घ वर्गका अन्य खुद्रा प्रदायक संस्थासरह ब्याज र सेवा शुल्कबाहेक अन्य शुल्क लिन नसकिने व्यवस्था गरिएको छ।

वित्तीय सेवा दिनको लागि हरेक देशमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूको स्थापना गरिएको हुन्छ तर त्यस्ता बैंक तथा वित्तीय संस्थाबाट देशका सबै वर्गले सेवा पाउन नसकेका कारणले नै लघुवित्तको प्रादुर्भाव भएको देखिन्छ। हाम्रो जस्तो देशमा विपन्न तथा गरिबको अंश ठूलो छ। यिनै वर्गको सामाजिक तथा आर्थिक विकासले मात्र देशमा दिगो विकास तथा शान्ती हुन सक्छ। यस्तो वर्गलाई सेवा दिने भनेर स्थापना भएका संस्थाहरू बाँच्नका लागि गरिब तथा विपन्न वर्ग छोडी धनी वर्गलाई सेवा दिन पुग्नु आफैंमा विडम्बना हो । यो किन भयो विश्लेषण गर्ने विषय छँदै छ तर हालको ब्याजदरमा लगाइएको क्याप एउटा प्रमुख कारक जस्तो लाग्छ।

६) **नेपालजस्तो मुलुकमा लुघवित्त वित्तीय संस्थाहरू कुन रूपमा चल्नुपर्छ जस्तो लाग्छ ?**

लघुवित्त संस्थाको सम्बन्धमा सडक र सदन दुवैमा छलफल भएको सुनिन्छ। लघुवित्त सञ्चालनको झण्डै ४ दशकभन्दा बढी लामो इतिहासमा लघुवित्तले हालको वर्षको जतिको चर्चा कहिल्यै पाएन । वर्ष भरी लघुवित्तकर्मी तथा नियमन निकाय लघुवित्तको योगदानको बारेमा प्रतिरक्षा गर्न पुगे भने केही व्यक्तिहरूले लघुवित्तका केही सदस्यहरूलाई साथ लिएर यसको खेदो खन्न लागिरहेको अवस्था छ । जे जस्तो भए पनि लघुवित्त सञ्चालनको इतिहासमा लघुवित्तले जे जस्तो चर्चा हालका वर्षमा पायो त्यति लघुवित्तले कहिल्यै चर्चा पाएको थिएन। यसको मुख्य कारण गरीवमा केन्द्रीत रहेर भन्दा पनि यसको पछाडि रहेको ठूलो संख्याको सेवाग्राही देखेर हुनसक्छ। यसको सम्वन्धमा धेरैले त वास्तविकता नबुझेर भोटको राजनीति गरेको देखिन्छ। यसो भनिरहँदा कतिपय गरिव तथा विपन्नहरूले थातुथलो छाड्नुपर्‍यो, कतिपयले आत्महत्या गर्न बाध्य बनायो, कतिपयलाई विदेशिने बनाइयो, कतिपयलाई बेचिन बाध्य पार्‍यो, कतिपयलाई दोस्रो बिहे गर्न बाध्य पार्‍यो, कतिपयलाई मानसिक आघात गर्‍यो, कतिपय सदस्यहरूबीच मनमुटाव बढायो, आदि जस्तो आलोचनाको पात्र बनेको छ । यसलाई सकारात्मक रूपमा हेर्ने हो भने अन्य बैंक तथा वित्तीय संस्थाहरूबाट भएका यस्ता गतिविधि बाहिर किन आएनन् ? अन्यको ऋण लिएर तिर्न नसकी बैंकले घर जग्गा लिलाम गरेर अर्बपतिबाट सडकपति भएका र हजारौं मान्छे बेरोजगार बनाएका, कतिपय थातुथलो छाडेको, आत्महत्या गरेको विदेशिएको, हिनामिना गरेको, आदि समस्याहरू त आएका छन् तर त्यसमा कसैले सडक र सदनको आवाज आउँदैन तर लघुवित्तको मात्र किन ? यो गरिबलाई सेवा दिने भएर ? वा यो धेरैलाई सेवा दिने भएकोले भोट बैंकको रूपमा हेरेर सस्तो लोक प्रियताको लागि ? गरिव तथा विपन्न प्रति अति संवेदनशील भएर ? वित्तीय साक्षरताको दर कम भएको देशमा लघुवित्त वित्तीय संस्थाहरूले अति नै जिम्मेवारी पूर्ण रूपमा चल्नु पर्दछ। लघुवित्त वित्तीय संस्थाले लघुवित्तका मूल्य र मान्यताहरूलाई उच्च रूपमा पालना गर्दै चल्नुपर्छ। अन्य बैंक तथा वित्तीय संस्थाहरूले अंगालेको वित्तीय प्रणालीले गरिब तथा विपन्नमा जान नसकेकै कारण लघुवित्त प्रणालीको विकास भएकोले यसले लघुवित्तको आवश्यक तत्त्वहरू जस्तो : गरिव तथा विपन्न केन्द्रित सेवा, कर्जा प्रदान गर्नुअघि अनिवार्य वित्तीय साक्षरता, वित्तीय साक्षरताको निरन्तरता, सानो कर्जा, बिनाधितो कर्जा, छिटो- छिटो किस्ता, शत्प्रतिशत कर्जा सदुपयोगिता, घरदैलो सेवा, उपयुक्त ब्याजदर आदि जस्ता पक्षहरूलाई अक्षरशः पालना गरेर चल्नु आवश्यक छ। अर्कोतर्फ लघुवित्त एक सामाजिक व्यवसाय पनि भएको कारण यसले आफूले सेवा प्रदान गरेको सेवा ग्राहीको आर्थिक तथा सामाजिक विकासको पक्षमा ध्यान दिन आवश्यक छ। कर्जा दिँदैमा आर्थिक तथा सामाजिक विकास हुने होइन । कर्जाका साथ साथ प्रदान गरिएको कर्जाको उचित व्यवस्थापन गर्ने सीप कर्जा लिनेमा भएन भने त्यसले आर्थिक तथा सामाजिक पक्ष नकारात्मक असर पार्छ समाजमा विकृति ल्याउँछ । त्यसैले यस्तो कटु सत्यलाई ध्यानमा दिई लघुवित्त संस्थाहरूले

सदस्यहरूको क्षमता विकासका लागि लगानी गर्नु उत्तिकै आवश्यक छ । कर्जा मात्र दिने र कर्जाको उचित व्यवस्थापनतर्फ शून्य ध्यान दिनु भनेको लघुवित्त होइन । लघुवित्त वित्तीय संस्थाहरूलाई सोबमोजिम चल्ने वातावरण पनि चाहिन्छ। सो वातावरण बनाउने धेरै हदसम्म जिम्मेवारी नियमन निकायको हुन्छ। हरेक लघुवित्तले आर्थिक सामाजिक परिवर्तन के कति गरे सो नियमन गर्ने व्यवस्था गर्नु आवश्यक छ । अन्य बैंक तथा वित्तीय संस्था र गरिब तथा विपन्नको आर्थिक तथा समाजिक विकास गर्ने हेतुले स्थापना भएका लघुवित्तलाई नियमन गर्ने मापदण्डहरू फरक गर्नु आवश्यक छ । सदस्यबाट कमाएको आम्दानी सदस्यको क्षमता विकासमा खर्च गर्ने गरी संस्थाहरूको नियमन गर्ने मापदण्ड वनाउन आवश्यक देखिन्छ। यसो भएमा लघुवित्त वित्तीय पहुँचमा मात्र सीमित नभई सो भन्दा माथि उठेर यसको वास्तविक स्वरूप गरिब तथा विपन्नको आर्थिक तथा सामाजिक विकासमा केन्द्रित हुन्छ । यसका लागि सवै सरोकारहरूले आफ्ना नीति नियम तथा गतिविधिमा समीक्षा गर्नु आवश्यक देखिन्छ।

हाल लघुवित्तले लिने ब्याज दर सवै समस्याको जड हो भनेर यसलाई नियन्त्रण गर्न खोज्दा लघुवित्त गरीवलाई छाडी धनी धनीलाई कर्जा दिन लाग्दा लघुवित्तमा ठूलो विचलन आएको देखिन्छ । लघुवित्तहरू वाध्यतावस वाँच्नको लागि गरीव भन्दा पनि ठुलो कर्जा लिने धनीहरू प्रति गए, एकै जनालाई बढी कर्जा दिन पुगे, सदस्यको क्षमता विकासमा पर्याप्त ध्यान दिन सकेनन् फलस्वरूप लघुवित्त वित्तीय संस्था वाणिज्य बैंक तथा विकास बैंक जस्तो कार्य गर्न थाले । लघुवित्त साहु महाजनको बैंक बन्न पुग्यो वास्तविक गरिब विपन्न सेवाबाट वञ्चित भए र यत्रो ठूलो मात्रामा लघुवित्त वित्तीय तथा सहकारी संस्थाहरू हुँदाहुँदै पनि मिटर ब्याजीको चंगुलमा गरिब तथा विपन्न परे ।

त्यसैले लघुवित्तले समयसापेक्ष रूपमा प्रविधिलाई पनि आत्मसाथ गरेर लघुवित्तका मूल्य मान्यतालाई आत्मसाथ गरी संचालन गर्नु आवश्यक छ भने नियमन निकायले लघुवित्तको मर्म भावनाबमोजिम लघुवित्त चल्ने वातावरण बनाउनु आवश्यक छ।

८) नीति निर्माण गर्ने तहमा रहने र त्यसको लाभग्राहीका रूपमा रहनेबीचको दूरी कसरी कम गर्न सकिन्छ होला ? यो आवश्यक छ कि छैन ?

स्थानीय तहमा काम गर्ने संस्थाहरूलाई बलियो र दिगो बनाउन सकेमा नीति निर्माण तहमा रहने र त्यसको लाभग्राही बीचको दूरी कम गर्न सकिन्छ । त्यसको लागि हाल स्थानीय तहमा काम गरिरहेका सहकारी संस्थाहरूको सुदृढीकरण नै हो । यस्ता संस्थाहरू लाभग्राहीसँग भिजेका हुन्छन् लाभग्राहीले के चाहन्छन् र सो कसरी प्रदान गर्दा प्रभावकारी हुन्छ यिनीहरूले राम्रोसँग बुझेका हुन्छन् । यसका लागि साना किसान कृषि सहकारी संस्था र ग्रामीण पद्धतिमा सञ्चालित लघुवित्त वित्तीय संस्थाहरू उपयुक्त हुन्छन् । साना किसानको सञ्जाल विभिन्न अन्तरसमूह र समूहमार्फत ग्रामीण स्तरसम्म पहुँच रहेको हुन्छ। लघुवित्त वित्तीय संस्थाहरूको विभिन्न शाखा, केन्द्र र समूह अन्तर समूहमार्फत ग्रामीण स्तरसम्म पहुँच रहेको हुन्छ। देशको जनसंख्याको ठूलो हिस्सासँग जोडिएर रहेको यस्तो यस्ता समूह, अन्तरसमूह र केन्द्रहरूलाई प्रभावकारी रूपमा परिचालन गरेको खण्डमा लाभग्राही के कसरी चाहन्छन् भन्ने आवाज सुन्न सकिने हुन्छ।

सरकारले पनि राज्यको कानुनअन्तर्गत रहेर काम गरेका संस्थाहरू राज्यकै हुन् सरकारले आफ्नै संयन्त्रमार्फत गरेका कार्यहरू मात्र सरकार हो र अन्य सबै सरकारी होइन भन्ने मानसिकताबाट माथि उठ्नुपर्ने देखिन्छ । सरकारले हेर्ने भनेको लाभग्राहीले सरल र सुलभ तरिकाबाट गुणस्तरीय सेवा प्राप्त गरेका छन् कि छैनन् सोको अनुगमनका साथै अनुकूल वातावरणको सृजना गर्नु आवश्यक देखिन्छ। यस्तो भएमा लाभग्राही र नीति निर्माण तहमा रहने र लाभग्राही बीचको दूरी कम गर्न सकिन्छ।

नेदरल्याण्ड्समा सञ्चालित व्यावसायिक कृषि फार्महरूको अध्ययन भ्रमणबाट सिकाइ

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का नायव प्रमुख कार्यकारी अधिकृत डा.नवराज सिम्खडाले सेप्टेम्बर २३ देखि अक्टोबर ६, २०२३ सम्म नेदरल्याण्डमा सञ्चालित व्यावसायिक कृषि फार्महरू र राबो बैंकको (Rabobank) मुख्यालयमा आयोजना भएको अध्ययन भ्रमणमा भाग लिनुभएको थियो । भ्रमणको क्रममा सिम्खडाले नेपालमा व्यावसायिक कृषि प्रवर्द्धनका सम्भावनाहरू, कृषि क्षेत्रको रूपान्तरणका लागि चाल्नुपर्ने कदमहरू, र राबो बैंकसँग गर्न सकिने सहकार्यका विषयमा छलफल गर्नुभएको थियो । उक्त छलफलमा आधारित रही यो सामग्री तयार पारिएको छ ।

डा. नवराज सिम्खडा
नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेदरल्याण्डमा सञ्चालित कृषि फार्महरूले उत्पादकत्व सुधार गरी यो देश कसरी विश्वको कृषि उपजहरू निर्यात गर्ने नम्बर एक देश बन्न सक्यो भन्ने जानकारी लिनु भ्रमणको समग्र उद्देश्य थियो । साथै कृषि फार्महरूले कसरी वित्तीय सेवाहरू प्राप्त गरिरहेको छन् र बैंकले किसानहरूको आवश्यकताअनुसार कसरी वित्तीय सेवाहरू प्रदान गरिरहेको छ भन्ने बारेमा जानकारी लिनु पनि भ्रमणको उद्देश्य थियो ।

समान उद्देश्य भएका कृषकहरू परस्परमा मिलेर समानताको आधारमा किसानहरूको वित्तीय तथा अन्य आवश्यकताहरू पुरा गर्न उन्नाइसौँ शताब्दीदमा नेदरल्यान्ड्सको विभिन्न समुदायमा सहकारी संस्थाहरू स्थापना भए । यी सहकारीहरूले नाफा कमाउने उद्देश्यले भन्दा पनि सदस्यहरूलाई निष्पक्ष र भरपर्दो सेवा तथा स्रोत उपलब्ध गराउन थाले । तसर्थ नेदरल्याण्ड्सको हरेक समुदायमा सहकारीहरू खुल्न थाले । सहकारी संस्थाहरूको प्रभावकारी व्यवस्थापन र सञ्चालनमा आइपरेको समस्याहरू हल गर्न सहकारी संस्थाहरू गभिएर सन् १८९० मा राबो बैंक स्थापना भएको थियो । यो बैंक किसानहरूद्वारा किसानहरूको लागि स्थापना गरिएको थियो । बैंकले स्थापना काल देखि नै कृषि मूल्य शृंखला प्रवर्धन गर्न व्यक्तिगत किसान र कर्पोरेट ग्राहकहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दै आएको छ । वित्तीय सेवाको साथसाथै बैंकले प्राविधिक तथा अन्य ज्ञानहरू किसानलाई प्रदान गरी नेदरल्याण्डको कृषि विकासमा महत्त्वपूर्ण टेवा दिँदै आएको छ । सहकारीहरू परस्परमा मिलेर बैंक स्थापना भएको हुनाले यसको मार्गदर्शक सिद्धान्त मिलेर गर्दा हामीले व्यक्तिगत रूपमा गर्न सक्नेभन्दा बढी हासिल गर्न सक्छौं भन्ने रहेको छ । हाल राबो बैंकमा ४३,३६१ कर्मचारी कार्यरत छन् । यसले लगभग नौ लाख ग्राहकहरूलाई ४३३ अरव युरो ऋण प्रदान गरेको छ । नेदरल्याण्ड्स बाहेक यस बैंकको सेवा हाल ३८ देशमा पुगेको छ ।

राबो बैंकले कृषिका विविध व्यवसाय संलग्न ग्राहकहरू वा कृषि मूल्य शृंखला विविध तहहरूमा कार्यरत पात्रहरूको को विशिष्ट आवश्यकताहरू पूरा गर्न विभिन्न प्रकारका वित्तीय सेवाहरू प्रदान गर्दै आएको छ । यसले वित्तीय सेवाहरू तय गर्दा किसानको विशेष

आवश्यकता वा कृषि व्यवसायमा लगानी गर्ने आवश्यकतालाई विशेष ध्यान दिन्छ। यदि कुनै किसानले दुग्ध फार्मको लागि ऋण लिन चाहन्छ भने, किसानको लगानिको आवश्यकताअनुरूप भुक्तानीको तालिका तय गरिन्छ। यदि ऋण रकम गाई खरिद गर्नको लागि हो भने भुक्तानी समय छोटो अवधिको (३–५ वर्ष) हुन्छ, यदि ऋण रकम गाई गोठ निर्माण गर्न लगानी गरिन्छ भने भुक्तानी मध्यम अवधिको (५–१५ वर्ष) हुन्छ त्यस्तै गरेर ऋण रकम गाईको चरन विकासको लागि वा जग्गा खरिद गर्न ऋण रकम लगानी गरिन्छ भने भुक्तानी लामो अवधिको (१५–३० वर्ष) हुन्छ। ऋण अवधि र ऋणको किस्ता तय गर्दा कृषकको आम्दानिका विविध स्रोत र नगद प्रवाह लाई समेत विचार गरिन्छ। यदि किसानको नगद प्रवाह कम छ भने ऋण अवधि

बढी हुनेछ। यदि एक किसानसँग उच्च नगद प्रवाह छ वा यदि उसले आफ्नै पैसा पनि व्यवसायमा लगानी गरेको छ भने, ऋण अवधि कम हुनेछ।

राबोबैंकले साझेदारी कार्यक्रममार्फत वित्तीय समावेशीकरण, र दिगो खाद्य सुरक्षा जस्ता प्रमुख चुनौतीहरू सम्बोधन गर्ने कार्यहरू गर्दै आइरहेको छ। यसले कृषिको दिगोपन, वातावरण मैत्रि कृषि प्रणाली, नवप्रवर्तन आदि क्षेत्रमा सरकारसँग मिलेर निरन्तर कार्य गरिरहेको छ। राबोबैंकका क्रियाकलापहरू पेरिस सम्झौता अनुरूप दिगो कृषि र वातावरण, जैविक विविधता, जलवायु परिवर्तन मैत्रि कृषि, शुद्ध शून्य लक्ष्य (Net Zero Goal) हासिल गर्न प्रतिबद्ध रहेको देखिन्छ।

राबोबैंकका कर्मचारीहरूमा कृषिको उत्पादकत्व (Productivity) र दक्षता (Efficiency) बृध्दि गर्न किसानहरूलाई आवश्यक सेवाहरू प्रदान गर्न प्रविधिक रूपमा दक्ष रहेका हुन्छन। कृषि र भेटेरीनरी पढ्ने विद्यार्थीहरूको अध्ययन धेरैजसो समय कक्षाकोठामा भन्दा कृषकको फार्ममा काम गरेर तथा अनुसन्धान गरेर बित्छ। कृषि प्राविधिकहरू किसानहरूलाई सेवा दिन पूर्णरूपमा सक्षम रहन्छन्। कृषिमा सूचना प्रविधिको व्यापक प्रयोग भएको पाइन्छ। किसानको गाई फार्ममा हरेक गाईको स्वास्थ्य तथा

उत्पादनको तथ्यांक कम्प्युटरमा राखिएको हुन्छ। गाईले दैनिक दिने दूध कम हुनासाथ वा स्वस्थ्यमा केही गडबड हुनासाथ उपचार गरिन्छ। हरेक फार्मबाट डेरीमा बिक्री हुने दूध कम भएको पाइएमा राबो बैंकका प्राविधिक कर्मचारीहरू किसानको फार्ममा पुगिहाल्छन्। तसर्थ नेदरल्याण्ड्स कृषि क्षेत्रको निरन्तर विकास भइरहेको छ।

नेपालमा कृषि तथा पशुपालन अझै पनि आदिम चरणमा छ। नेदरल्याण्ड र अन्य देशको तुलनामा नेपालको कृषिको उत्पादकत्व निकै कम छ। कृषिको उत्पादकत्व र दक्षता अभिवृद्धि गर्न नस्ल सुधार, पशु स्वास्थ्य व्यवस्थापन, दाना र चारा सुधार, दूध र मासु प्रशोधन, माटो परिक्षण तथा उर्वरा शक्तिमा वृद्धि, उन्नत विउविजन, वजार व्यवस्थापन आदिको आवश्यकता पर्दछ। यी क्षेत्रहरूमा प्राविधिक र अन्य आवश्यक सहयोगहरूले उत्पादन र किसानको आय बढाउन मद्दत गरी कृषिको व्यावसायीकरण गर्नुपर्ने हुन्छ।

सहकारीको क्षमता विकासमा "समृद्धि" आयोजना र वित्तीय संस्थाको सहकार्य

बलराम पौडेल
तालिम विज्ञ
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

आयोजनाको परिचय

नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बीच सम्झौता भई १० डिसेम्बर सन् २०१५ मा तत्कालीन उद्योग मन्त्रालय हालको (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) अन्तर्गत ७ वर्षका लागि ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) कार्यान्वयनमा आएको हो । यस आयोजनाले प्रदेश १ अन्तर्गतका ८ जिल्ला – मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, ओखलढुंगा, खोटाङ र उदयपुरका लागि कोशि-सगरमाथा करिडोर कार्यालय, धरानमा राखेको छ । त्यस्तै प्रदेश २ अन्तर्गतका ७ जिल्ला– सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा तथा प्रदेश ३ को एकमात्र जिल्ला सिन्धुली सहित जम्मा ८ जिल्लाका लागि जनकपुर करिडोर कार्यालय, जनकपुरधाममा रहेको छ ।

नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गत रहेको कृषि उद्यम केन्द्र, स्विस विकास नियोगको हेल्भटास नेपाल आयोजनाका साझेदार निकायहरू रहेका छन् भने ग्रामीण वित्त विभागअन्तर्गत बैंक तथा वित्तीय संस्था साथै साना किसान विकास लघुवित्त वित्तीय संस्था रहेको छ ।

लक्ष्य

गरिबी न्यूनीकरण तथा देशमा दिगो शान्ति हासिल गर्नका लागि रोजगारीका अवसर सिर्जना गरी समतामूलक तथा समावेशी आर्थिक विकास गर्ने ।

उद्देश्य

कृषि तथा गैरकृषि क्षेत्रमा आयआर्जन सम्बन्धी क्रियाकलापहरू गर्न सम्भाव्य लघु, घरेलु तथा साना उद्यम प्रवर्द्धन गर्ने तथा ग्रामीण गरिब घर परिवार, आप्रवासी घर परिवार र आप्रवासनबाट फिर्ता भएकाहरूका लागि दिगो आर्जनको स्रोत प्रदान गर्ने ।

मुख्य क्रियाकलापहरू :

१. ग्रामीण क्षेत्रमा रहेका साना किसान तथा उत्पादकलाई आयआर्जन गर्न क्लष्टरहरूको सबलीकरण गरी समृद्धिको आधार तय गर्ने ।

२. आपूर्ति शृंखलाको विकासद्वारा बजारसम्मको पहुँच विस्तार गर्ने । बजार मागको आवधारणामा आधारित रहेर आयोजनाको क्रियाकलाप सम्पादन गर्ने ।

३. आयोजना क्षेत्रमा कार्यरत वित्तीय संस्थाहरूको पहिचान तथा सहकारी संस्थाहरूको क्षमता विकास गरेर ग्रामीण स्तरका जनतालाई वित्तीय समावेशीकरणको मूलधारमा ल्याउने ।

४. ग्रामीण घरपरिवार, वैदेशिक रोजगारीबाट फर्किएका, आप्रवासी परिवार र बेरोजगार युवालाई स्वरोजगारी र आयआर्जनमा वृद्धि गराउन व्यावसायिक तालिम तथा औद्योगिक प्रशिक्षणद्वारा मर्यादित रोजगारी सिर्जना गर्ने ।

५. आप्रवासी तथा तिनका घरपरिवारले विप्रेषणद्वारा आर्जन गरेका आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानीको सहजीकरण गर्ने ।

६. स्थानीय तहमा आप्रवासन श्रोत केन्द्र र आप्रवासन सूचना कक्ष सञ्चालन गरी स्थानीय तहमा आप्रवासन सेवा दिगो र प्रभावकारी बनाउन सहयोग गर्ने ।

७. वैदेशिक रोजगारलाई सुरक्षित, उपलब्धिमूलक तथा मर्यादित बनाउन स्थानीय तह र प्रदेशमा आवश्यक नीति तथा रणनीति निर्माणका उपयुक्त वातावरण बनाउने ।

८. ग्रामीण स्तरमा रहेका वित्तीय संस्थाहरूको क्षमता विकास गर्ने तथा दिगो रूपमा सुलभ दरमा वित्तीय स्रोतमा पहुँच पुऱ्याउन स्थानीय स्तरका संस्थाहरू ठूला वित्तिय संस्थाहरूसँग सहकार्य गर्ने वातावरण सिर्जना गर्ने ।

लक्षित वर्ग

१. आयोजनाका विभिन्न सम्भाग र सह-सम्भागबाट २,००,००० जना लाभान्वित हुनेछन् । गरिबीको रेखामुनिका उद्यम व्यवसाय गर्न सक्षम नागरिक रहनेछन् । जसमध्ये ५०% महिला, १८-४० वर्ष उमेर समूहका ६०% युवामध्ये आप्रवासी घरपरिवार तथा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरू हुनेछन् ।

२. १०,००० घरधुरीलाई आयोजनाले छनोट गरेका आपूर्ति शृंखलाका कृषिजन्य वस्तुहरू; माछा, तरकारी, दुध, खसी-वोका तथा सुगन्धित जातका जडीबुटीको विकासका लागि क्लष्टर सबलीकरणमा समाहित गरिने छ ।

३. जिल्ला र नगर गरी २५ वटा उद्योग वाणिज्य संघहरू तथा प्रदेश १ र प्रदेश २ का प्रादेशिक उद्योग वाणिज्य महासंघहरू गरी कुल २७ संघहरूको व्यावसायिक विकास सेवा प्रवाह क्षमता विकासमा सहजीकरण गर्ने ।

४. ३०,००० जनालाई सिप मूलक तालिम उपलब्ध गराई रोजगारीमा प्रतिस्थापन गरिनेछ ।

५. ५०,००० जनालाई वित्तीय शिक्षा एवं व्यावसायिक ज्ञान तालिम प्रदान गरिनेछ ।

६. सामाजिक परिचालनको गतिविधिमा १००० घरधुरीका उच्च जोखिममा रहेका वयक्तिलाई गाल्स विधि मार्फत प्रत्यक्ष सल्लाह र परामर्श सेवा उपलव्ध गराई आर्थिक अवसरसँगै समस्या पनि सम्बोधन गरिनेछ ।

७. १,१०,००० जना वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूलाई आप्रवासी स्रोत केन्द्र तथा सूचना कक्ष मार्फत सूचना, परामर्श र अभिमुखीकरण प्रदान गर्ने रहेको छ ।

आयोजनाका सम्भागहरू

सम्भाग १: ग्रामीण लघु- घरेलु तथा साना उद्यम तथा रोजगार प्रवर्द्धन

सह–सम्भाग १.१ आपूर्ति शृंखलाको विकास

साना किसान तथा उत्पादकका लागि रोजगारीका अवसर सिर्जना, कृषि तथा गैरकृषि क्षेत्रमा ग्रामीण स्तरका आय आर्जनसम्बन्धी क्रियाकलापहरू प्रवर्द्धन गरी क्लष्टर निर्माण गरिन्छ । पहिलो चरणका लागि "समृद्धि कोष"मार्फत आपूर्ति शृंखलाको विकासमा सहयोग पुर्याइने लक्ष्य रहेको ।

करिडोर नक्साङ्कनको आधारमा जम्मा १४ उच्च बजार मागका वस्तुहरू सूचिकृत गरिएको छ। जस्मा आयोजनाले हरियो तरकारी, माछा , दुध, वाखा र सुगन्धित जडिवुटी जन्य वस्तुहरूको आपूर्ती शृंखलालाई कार्यान्वयन गर्ने उल्लेख छ ।

सह–सम्भाग १.२ उद्योग वाणिज्य संघको क्षमता विकास (कृषि उद्यम केन्द्रमार्फत)

यस सह-सम्भागअन्तर्गत जिल्ला र नगर उद्योग वाणिज्य सङ्घहरूको क्षमता अभिवृद्धि गरिन्छ । आयोजनाले २ वटा प्रदेश तथा २५ वटा जिल्ला र नगरका निम्न उद्योग वाणिज्य सङ्घहरूको क्षमता अभिवृद्धि गर्ने रहेको छ ।

सह–सम्भाग १.३ मर्यादित रोजगार

श्रम बजारको माग बमोजिमका व्यावसायिक सीपमूलक तालिम र औद्योगिक प्रशिक्षण (Apprenticeship) का माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी स्थानीय स्तरमा सीपमा आधारित लघु-घरेलु साना तथा मझौला उद्यममार्फत युवाहरूका लागि स्वरोजगार एवम् रोजगार सिर्जना गर्ने;

१. नीजिस्तरमा सञ्चालित तालिम तथा रोजगार प्रदायक संस्थामार्फत कार्य सम्पादनमा आधारित भुक्तानीको आधारमा छोटो अवधिका बजारोन्मुख प्राविधिक एवम् व्यावसायिक तालिम सञ्चालन गरी युवाहरूलाई रोजगारमा लगाउने ।

२. नीजिस्तरमा सञ्चालित ठूला तथा मझौला उद्योगहरूलाई आवश्यक पर्ने जनशक्ति औद्योगिक प्रशिक्षार्थी तालिमका माध्यमबाट उद्योगीहरू आफैँले (आयोजनामार्फत) दक्ष जनशक्ति विकास गरी रोजगारीमा लगाउने ।

सह सम्भाग– १.४ आर्थिक परिचालन तथा सामाजिक सल्लाह

आयोजनाका लक्षित लाभग्राहीलाई प्रभावकारी रूपमा परिचालन गरी आर्थिक गतिविधिमा प्रोत्साहन गर्ने उद्देश्य आर्थिक परिचालन तथा सामाजिक सल्लाह अन्तर्गत रहेको छ । यसमा प्राथमिकीकरण गरिएका पालिकाहरूमात्र छन् । आयोजनाको उद्देश्यअनुरूप लक्षित वर्गमा समावेशी प्रतिफल प्राप्त गर्नको निम्ति आयोजनाको प्राथमिकतामा परेका स्थानिय निकायहरूमा आयोजना अन्तर्गतका आर्थिक कृयाकलापलाई समुदायमा सुसूचित गर्ने र आपूर्ति शृंखलामा समाहित भएका उत्पादक र उत्पादक समूहहरूलाई नियमित कोचिङ र निरीक्षण गर्ने रहेको । त्यसैगरी लैङ्गिक कार्य सिकाई विधि (Gender Action Learning System–GALS) को माध्यमबाट १००० घरधुरीलाई पारिवारिक सपना र यसलाई पूरा गर्नका निम्ति चाहिने योजनाहरूको खाका कोर्ने जस्ता परामर्श प्रदान गर्ने ।

सम्भाग २: उत्पादनमूलक लगानी

सह सम्भाग २.१: ग्रामीण वित्त

ग्रामीण स्तरमा रहेका सेवाग्राहीहरूलाई सहज वित्तीय पहुँच पुऱ्याउन प्राथमिकतामा राखिएका पालिकाहरूमा रहेका वित्तीय संस्थाहरूको क्षमता विकास गर्ने तथा दिगो रूपमा सुलभ दरमा वित्तीय श्रोतमा पहुँच पुऱ्याउन स्थानीय स्तरका संस्थाहरू ठूला वित्तिय संस्थाहरूसँग सहकार्य गर्ने वातावरण सिर्जना गरिनेछ । साथै राष्ट्रियस्तरका वित्तीय संस्थाहरूको सेवा विस्तार तथा उपयुक्त वित्तीय साधन विकासमा सहयोग गर्ने रहेको उल्लेख छ ।

आयोजनासँग सहकार्य सम्झौता गरेका १५० सहकारी संस्थामार्फत समुदाय तथा अप्रवासी कामदार तथा उनका परिवारका सदस्यहरूलाई लक्षित गरि करिब ५०,००० जनालाई वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान तालिम संचालन गर्ने रहेको छ ।

सहसम्भाग २.२ आप्रवासीको क्षमता तथा स्रोत परिचालन

नेपाली अर्थतन्त्रमा आप्रवासनबाट अधिकतम लाभ लिन आप्रवासनसम्बन्धी सूचना परामर्शका अलावा तत्सम्बन्धी रणनीति बनाई आप्रवासि परिवारलाई थप टेवा पुर्याउने उद्देश्यले दिगो तथा प्रभावकारी आप्रवासन सेवा प्रदान गर्ने भनि निम्न लिखित सेवाहरू प्रवाह गर्ने उल्लेख छ ।

सह–सम्भाग १.३ मर्यादित रोजगार

श्रम बजारको माग बमोजिमका व्यवसायिक सिप मुलक तालिम र औद्योगिक प्रशिक्षण (Apprenticeship) का माध्यमबाट सिपयुक्त जनशक्ति उत्पादन गरी स्थानीय स्तरमा सीपमा आधारित लघु-घरेलु साना तथा मझौला उद्यम मार्फत युवाहरूका लागि स्वरोजगार एवम् रोजगार सिर्जना गर्ने;

१. नीजिस्तरमा सञ्चालित तालिम तथा रोजगार प्रदायक संस्था मार्फत कार्य सम्पादनमा आधारित भुक्तानीको आधारमा छोटो अवधिका बजारोन्मुख प्राविधिक एवम व्यावसायिक तालिम सञ्चालन गरि युवाहरूलाई रोजगारमा लगाउने ।

२. निजीस्तरमा सञ्चालित ठूला तथा मझौला उद्योगहरूलाई आवश्यक पर्ने जनशक्ति औद्योगिक प्रशिक्षार्थी तालिमका माध्यमबाट उद्योगीहरू आफैँले दक्ष जनशक्ति विकास गरी रोजगारीमा लगाउने ।

सहसम्भाग– १.४ आर्थिक परिचालन तथा सामाजिक सल्लाह

आयोजनाका लक्षित लाभग्राहीलाई प्रभावकारी रूपमा परिचालन गरी बनाई आर्थिक गतिविधिमा प्रोत्साहन गर्ने उद्देश्य आर्थिक परिचालन तथा सामाजिक सल्लाह अन्तर्गत रहेको छ । यसमा प्राथमिकीकरण गरिएका पालिकाहरू मात्र रहने छन्। आयोजनाको उद्धेश्य अनुरूप लक्षित वर्गमा समावेशी प्रतिफल प्राप्त गर्नको निम्ति आयोजनाको प्राथमिकतामा परेका स्थानीय निकायहरूमा आयोजना अन्तर्गतका आर्थिक कृयाकलापलाई समुदायमा सुसुचित गर्ने र आपूर्ति शृंखलामा समाहित भएका उत्पादक र उत्पादक समूहहरूलाई नियमित कोचिङ र निरीक्षण गर्ने साथै लैङ्गिक कार्य सिकाइ विधि (Gender Action Learning System–GALS) को माध्यमबाट १००० घरधुरीलाई पारिवारिक सपना र यसलाई पुरा गर्नका निम्ति चाहिने योजनाहरूको खाका कोर्ने जस्ता परामर्श प्रदान गर्ने ।

सम्भाग २: उत्पादनमूलक लगानी

सहसम्भाग २.१: ग्रामीण वित्त

ग्रामीण स्तरमा रहेका सेवाग्राहीहरूलाई सहज वित्तीय पहुँच पुऱ्याउन प्राथमिकतामा राखिएका पालिकाहरूमा रहेका वित्तीय संस्थाहरूको क्षमता विकास गर्ने तथा दिगो रूपमा सुलभ दरमा वित्तीय स्रोतमा पहुँच पुऱ्याउन स्थानीय स्तरका संस्थाहरू ठूला वित्तिय संस्थाहरूसँग सहकार्य गर्ने वातावरण सिर्जना गरिनेछ । साथै राष्ट्रियस्तरका वित्तीय संस्थाहरूको सेवा विस्तार तथा उपयुक्त वित्तीय साधन विकासमा सहयोग गर्ने ।

आयोजना सँग सहकार्य सम्झौता गरेका १५० सहकारी संस्था मार्फत समुदाय तथा अप्रवासी कामदार तथा उनका परिवारका सदस्यहरूलाई लक्षित गरि करिब ५०,००० जनालाई वित्तीय शिक्षा तथा व्यवसायिक ज्ञान तालिम संचालन गर्ने रहेको छ ।

सह सम्भाग २.२ आप्रवासीको क्षमता तथा स्रोत परिचालन

नेपाली अर्थतन्त्रमा आप्रवासनबाट अधिकतम लाभ लिन आप्रवासन सम्बन्धी सूचना परामर्शका अलावा तत्सम्वन्धी रणनीति बनाई आप्रवासि परिवारलाई थप टेवा पुर्याउने उद्देश्यले दिगो तथा प्रभावकारी आप्रवासन सेवा प्रदान रहेको पाईन्छ । यस अन्तर्गत निम्न लिखित सेवाहरू प्रवाह गरिएको बताईन्छ ।

१. सूचना तथा परामर्श प्रदान गर्ने,
२. सचेतना तथा क्षमता अभिवृद्धि गर्ने,
३. आप्रवासन तथा विकास मञ्च संचालन गर्ने ।

सहकारी संस्थाहरूको क्षमता विकासमा वित्तीय संस्थाको सहकार्य

माथि उल्लेखित सम्भाग २ अन्तर्गत सहसम्भाग २.१ मा ग्रामीण वित्तसम्बन्धी आयोजनाको क्रियाकलाप रहेको छ । यसै सम्भागअन्तर्गत साना किसान विकास लघुवित्त वित्तीय संस्था र समृद्धि आयोजनासंग विगत करिब तीन वर्षअघि सम्झौता भई आयोजनासँग सहकार्य गरेका करिब २२१ वटाको संख्यामा सहकारी संस्थाहरूको क्षमता विकास गर्ने र वित्तीय संस्थासँग आबद्ध गराई ग्रामीण भेगसम्म विपन्न समुदायमा वित्तीय पहुँच पुऱ्याउने लक्ष्यका साथ अगाडि बढेको छ । सहकारी संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्य हालको परिप्रेक्षमा सान्दर्भिक र चुनौती दुवै अवस्था देखिन्छ । यद्धपि वित्तीय संस्थाबाट सहकारी संस्थाहरूको आवश्यकता र अभिरुचिअनुसार निम्न उल्लेखित क्षेत्रमा क्षमता विकास गर्ने कार्य अन्तिम वर्षमा रहेको छ ।

क्षमता विकासमा गरिएका कार्यहरू

वित्तीय संस्थाले संस्थाहरूलाई आबद्ध गराउनुपूर्व संस्थाको अवस्थाको विश्लेषण गर्नु पर्दछ । विश्लेषणमा निम्नबुँदाहरूमा विशेष ध्यान दिइने गरिएको छ । जस्तै :

- सहकारी संस्थामा संस्थागत सुशासनको अवस्थाको पहिचान,
- आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,
- वित्तीय विश्लेषण र कर्जाको गुणस्तर पहिचान,
- जनशक्ति व्यवस्थापन, सूचना प्रणाली,
- पारदर्शिता, पहुँच (outreach), र संस्थाको Goodwill, आदि

यसरी पहिचान गरिएका क्षेत्रहरूलाई संस्थाको क्षमता विकासमा आयोजनाको सहयोगमा वित्तीय संस्थाबाट आवश्यकताअनुसार तालिम, प्राविधिक सहयोग र स्थलगत

रूपमा भ्रमण गरी सिकाईका क्रियाकलाप सञ्चालन गरिएको छ । सिकाइलाई मजबुत पार्न आयोजनाको सहयोगमा सहकारी संस्थाहरूको लागि ९ वटा तालिम पुस्तिका पाठ्यक्रम, कार्य योजना र पाठ योजना समेत समेटि राष्ट्रिय स्तरमा सहकारी क्षेत्रमा लामो अनुभव हासिल गरेका विज्ञ समुहको चरणबद्ध रूपमा छलफल गरी पुस्तिका तयार गरिएको छ।

तयार गरिएका तालिम पुस्तिकाहरू :

१. सहकारी संस्था व्यवस्थापनका आधारभुत पक्षहरू,
२. सहकारी संस्था व्यवस्थापन (एडभान्स),
३. सहकारी संस्थाको वित्तीय व्यवस्थापन,
४. सहकारी संस्थाको व्यवसायिक योजना निर्माण,
५. सहकारी संस्थाको नमुना आन्तरिक कार्यविधिहरू,
६. सहकारी संस्थामा संस्थागत शुसासन,
७. सहकारी संस्थाको एकिकरण,
८. सहकारी संस्थाको लेखा परीक्षण मार्गदर्शन र
९. सहकारी संस्थाको अनुगमन प्रणाली ।

यी तालिम पुस्तिकाको आधारमा सहकारी संस्थाहरूलाई ३ वटा माध्यमबाट सिकाईको कार्य सञ्चालन गरिएको छ । **पहिलो**, धेरै सहकारी संस्थाहरूलाई समेटि कक्षागत रूपमा तालिम (Classroom base training) **दोश्रो**, संस्था संस्थामा प्राविधिक सहयोग (Techical Assistant) र **तेश्रो**, संस्थाको स्थलगत भ्रमण गरी समिति, उपसमिति, कर्मचारीहरूलाई सिकाई कार्य ।

यसरी तालिम सञ्चालन गर्दा सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, कर्जा उपसमिति, अन्य उपसमितिहरूका सदस्य र कर्मचारीहरूलाई तालिमको औचित्यता हेरी सहभागी गराइएको छ।

यसका अलावा असल अभ्यास भएका सहकारी संस्थाहरूमा अवलोकन भ्रमण गर्ने कार्यसमेत सम्पन्न गरी संस्थाको दिगो विकासको लागि समृद्धि आयोजनाको साथ र सहयोगमा क्षमता विकासमा भूमिका निर्वाह गर्ने कार्य सम्पन्न गरिएको छ । फलस्वरूप २०८० साल मंसिर मसान्तसम्म ९१ वटा सहकारी संस्थाहरू साना किसान विकास लघुवित्त वित्तीय संस्थामा आबद्ध हुन सफल भएका छन् भने केही सहकारी संस्थाहरू आबद्धताको प्रक्रियामा रहेका छन् । वित्तीय संस्थाबाट सहकारी संस्थाहरूको क्षमता विकासपश्चात् संस्थाहरूमा संस्थागत सुशासन, आन्तरिक कार्यविधि निर्माण, व्यावसायिक योजना निर्माण, लेखा व्यवस्थापन, व्यवसायमा विस्तार र सदस्य वृद्धि लगायतका क्षेत्रमा उपलब्धि हासिल भएको देखिन्छ। यद्धपि संस्थाका सम्पूर्ण पदाधिकारीहरूको सहभागिता र चासो भएमा मात्र सिकाइको अर्थपूर्ण उपलब्धि रहने कुरामा दुईमत हुनेछैन।

अन्त्यमा,

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, ग्रामीण उद्यम तथा विप्रेषण आयोजना “समृद्धि” बाट वित्तीय संस्थालाई प्राप्त सहयोगले आयोजनाको उपलब्धिलाई मद्दत पुऱ्याउनुको साथै वित्तीय पहुँचमा अझ अग्रणी भूमिका निर्वाह गर्ने नै छ। यसरी वित्तीय पहुँचमा भूमिका निर्वाह गर्ने अवसरले वित्तीय संस्थाको व्यावसायिक प्रतिफल र सहकारी संस्थाको दिगो विकासमा टेवा पुऱ्याउने कार्यमा सम्पूर्ण सम्बन्धित पक्षलाई धन्यवाद छ।

माटोको सुरक्षा र प्राङ्गारिक मलको बारेमा थाइल्याण्डको विज्ञ समूहसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को आयोजनामा माटोको सुरक्षा र प्राङ्गारिक मलको प्रयोगबारेमा १ दिने अन्तरक्रिया कार्यक्रम छलफल सम्पन्न भएको छ।

छलफल कार्यक्रममा साना किसान लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठकले किसानको उत्पादनमा गुणस्तर वृद्धि गरी किसानको आयआर्जनमा बढवा दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले विश्वमा विकास भएका विभिन्न प्रविधि, मल, बीउ, अभ्यास लगायतका कुराहरूलाई नेपाल सुहाउँदो पद्धतिमा रूपान्तरण गरी प्रयोगमा ल्याउनुपर्नेमा जोड दिनुभयो । अध्यक्ष पाठकले उत्पादनमा मात्र नभई उत्पादनको गुणस्तरीयता कायम गरी ग्रेडिङ, प्रोसेसिङ, मार्केटिङ लगायतका विषयमा सक्रियतासाथ लाग्नुपर्ने बताउनुभयो। किसानको हितमा काम गर्न सके मात्र ग्रामीण अर्थतन्त्र सुधार हुनका साथै गरिब किसानको जीवन र दैनिकीमा परिवर्तन ल्याउन सकिने बताउनुभयो । कामको आधारमा कर्मचारीहरूलाई प्रोत्साहन गर्ने परिपाटीको विकास गरेर अगाडि जान उहाँले सबैलाई अनुरोध गर्नुभयो। कृषि सहकारीमा कृषि र भेटेरीनरीको प्राविधिक कर्मचारीका रूपमा राखेर किसानहरूसँग जोडिएर काम गर्नुपर्नेमा जोड दिनुभयो। कृषिको दिगो पना र नाफा आर्जन गर्ने वातावरणको विकास गर्न सम्बन्धित विषयका विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय खोज अनुसन्धानका बारेमा तालिम र भ्रमणको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालबाट छुर्पी, बेसार, अगरबत्ती, गहुँको पिठो, मैदा, टिमुर, भिरमौरीको मह, गुणस्तरीय मासु, दालमोठ, भुजिया, मुगको दाल लगायतका नेपालको कृषिजन्य उत्पादन थाइल्याण्ड हुँदै अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सकिने बताउनुभयो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले नेपालको कृषिजन्य उत्पादनको गुणस्तरीयता कायम गर्नु अहिलेको प्रमुख चुनौती रहेको बताउनुभयो । उहाँले उत्पादनलाई बजारसँग जोड्दै गरिबी निवारणका लागि कामगर्नुपर्नेमा जोड दिनुभयो। प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले किसानहरूको वित्तीय पहुँच विकास गरी उत्पादन मार्फत जीवन रूपान्तरणका कार्य गर्न आफुहरू प्रतिवद्ध रहेको बताउनुभयो । उहाँले माटोको स्वास्थ्य र प्राङ्गारिक उत्पादन अहिलेको मुख्य आवश्यकता रहेको स्मरण गराउँदै यसका लागि आफूहरूले पनि आवश्यक जिम्मेवारी र दायित्व लिन तयार रहेको बताउनुभयो।

यसैगरी कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का महाप्रवन्धक रुद्र भट्टराईले रासायनिक मलको प्रयोगको उत्पादन र प्राङ्गारिक मलको प्रयोगको उत्पादनमध्ये प्राङ्गारिक मलको प्रयोगको उत्पादन गुणस्तरीय र राम्रो रहेको जानकारी गराउनुभयो। उहाँले उत्पादनलाई उपभोक्ताको हितमा हुनेगरी गर्नु अहिलेको आवश्यकता रहेको बताउनुभयो। महाप्रबन्धक भट्टराईले नेपालको भूगोल र माटो सुहाउँदो गुणस्तरीय कृषिजन्य उत्पादन आजको आवश्यकता रहेको बताउनुहुँदै आगमी दिनमा नेपालको उत्पादनलाई प्राङ्गारिक प्रणालीमा आधारित बनाउनुपर्ने बताउनुभयो।

यसैगरी, कार्यक्रममा थाइल्याण्डका माटो विज्ञ डा. चम्पा खाओले कृषिजन्य उत्पादन माटोमा आधारित रहेको भन्दै माटो राम्रो बनाउन सके कृषिजन्य उत्पादन पनि राम्रो हुने विश्वास व्यक्त गर्नुभयो। उहाँले माटोलाई सुधार गर्न धैरे संघर्ष गर्न नपर्ने भए पनि किसानहरूले यसतर्फ धैरै ध्यान नदिँदा कृषि उत्पादनबाट लाभ लिन नसकेको सन्दर्भ बताउनुभयो। उहाँले बाटोको गुणस्तर बढाउन सामान्य सक्रियता देखाउँदा मात्रै पनि कृषिजन्य उत्पादन वृद्धि गरी गुणस्तरीयतासमेत कायम गर्न सकिने बताउनुभयो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले नेपालको माटो सुहाउँदो र किसानको हितमा हुने कार्यका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय प्रविधि र अभ्यासलाई अवलम्बन गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। किसानको जीवनस्तर उकास्न माटोको स्वास्थ्या राम्रो बनाउनुपर्ने भन्दै उहाँले कम लागतमा बढि आम्दानी हुने गरी कृषिकर्म गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडा, नायव प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को नायव महाप्रबन्धक मीना पोखेल, थाइल्याण्डको जारूपोव म्यानिफेक्चरिङ्ग लिमिटेडका अन्तर्राष्ट्रिय डाइरेक्टर पानीसरा चम्पाको, ग्लोवल इन्फिनिटीका अध्यक्ष थिपचुथा, यसैगरी ग्लोवल इन्फिनिटीका सिइयो किवानम्युङ हङतो, ग्लोवल इन्फिनिटीका डाइरेक्टर कुशल श्रेष्ठ, रंजित महर्जन, नेपाल कृषि सहकारी केन्द्रीय संघका सञ्चालक, लेखा समिति संयोजक, संघको वागमती प्रदेशका अध्यक्ष, जिल्ला कृषि सहकारी संघका अध्यक्षहरू, पदाधिकारी, कर्मचारी लगायत विभिन्न विषय विज्ञ र विभिन्न सहकारी संस्थाका प्रमुख एवम् पदाधिकारीहरूको सहभागिता रहेको थियो।

यसअघि माटोको स्वास्थ्य र प्राङ्गारिक मलको विषयमा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को तालिम केन्द्र चितवनको टरौली र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय बुटवल अन्तरगतका सहकारी संस्थाहरूको प्रमुख एवम् प्रतिनिधिहरूको सहभागितामा बुटवलमा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भइसकेको छ। साथै थाइल्याण्डमा उत्पादन भएको प्राङ्गारिक मलको प्रयोग र यसको प्रभावका बारेमा समेत छलफल भएको थियो।

सदस्यको जीवनस्तर सुधार्नु हाम्रो प्रमुख ध्येय हुन्छ : सिइओ कोइराला

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले गरिब किसानहरूको जीवनस्तर सुधार गर्दै आर्थिक सामाजिक रूपमा सवल बनाउनु संस्थाको मुख्य ध्येय बताउनुभएको छ। गोविन्दपुर साना किसान कृषि सहकारी संस्था लि. को साधारण सभाका अवसरमा बोल्नुहुँदै सिइयो डा. कोइरालाले ग्रामीण अर्थतन्त्र सुधारसँगै सदस्यहरूको जीवनस्तर माथी उकास्न साना किसान विकास लघुत्त वित्तीय संस्था लि. ले पुँजी, प्रविधि, ज्ञान, सीप र सचेतनाको क्षेत्रमा काम गरिरहेको प्रष्ट पार्नुभयो। उहाँले आर्थिक रूपले पछि परेको क्षेत्रमा साना किसान कार्यक्रममार्फत आर्थिक सवलतासँगै सामाजिक रूपान्तरण र नेतृत्व विकासमा साना किसानले गरेको काम उदाहरणीय रहेको दावी गर्नुभयो। युवा उद्यमशीलताको विकास, लघुउद्यम, रोजगारी र स्वरोजगारीका कार्यक्रममार्फत युवा तथा महिलाहरूलाई आयआर्जनसँग जोड्न सकिएको भन्दै उहाँले समाजमा पारेको सकारात्मक प्रभावका बारेमा सबैलाई भन्नुपर्ने आवश्यकता रहेको स्पष्ट पार्नुभयो।

यसैगरी कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. की मुख्य प्रबन्धक ईशा केसी, शाखा कार्यालय बर्दिवासका प्रमुख, संस्थाका अध्यक्ष, स्थानीय जननिर्वाचित प्रतिनिधि, सञ्चालक, सेयर सदस्यहरू लगायतको सहभागिता थियो।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लहान शाखाको समुद्घाटन सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि को शाखा कार्यालय लहानमा स्थापना भएसँगै यस संस्थाका शाखा कार्यालयहरू १२ वटा भएका छन् । एक विशेष कार्यक्रमबीच यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले उद्घाटन गर्नुभएको हो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले संस्थाको सञ्जाल विस्तारसँगै गुणस्तरीयता कायम हुनेमा विश्वास व्यक्त गर्नुभयो । संस्थाको कार्यक्षेत्र विस्तार हुँदै गइरहेको समयमा संस्थाको सेवालाई सदस्यहरूको पहुँचमा लैजानु आवश्यक भएको महसुस गरेर संस्थाले शाखा कार्यालय विस्तार गरेको उहाँले बताउनुभयो ।

शाखा कार्यालय लहानका प्रबन्धक राजकुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा कोइराला प्रमुख अतिथि हुनुहुन्थ्यो । यसैगरी कार्यक्रममा विभागीय प्रमुख ईशा केसी विशिष्ट अतिथि, परियोजना संयोजक कृष्ण अर्याल अतिथि रहनुभएको थियो ।

यसैगरी सोही अवसरमा सप्तरी, सिराहा र महोत्तरी जिल्लाका सीप परियोजनामा आबद्ध ४१ वटा साझेदार साना किसान कृषि सहकारी संस्था लिका पदाधिकारीहरूको उपस्थितिमा सीप परियोजना समापन कार्यक्रम पनि सम्पन्न भएको थियो । कार्यक्रममा सीप परियोजनाअन्तर्गत सबैभन्दा धेरै प्रगति हासिल गर्ने सारस्वरनाथ साना किसान कृषि सहकारी संस्था लि सिराहालाई एक लाख मूल्य बराबरको १ थान ल्यापटप तथा कदर पत्र प्रदान गरिएको थियो । कार्यक्रममा उदयपुर जिल्लाका संस्थाहरूको उपस्थिति रहेको थियो । परियोजनाको शतप्रतिशत लक्ष्य हासिल गर्न सहयोग गर्नुहुने सम्बन्धित सबै संस्थाहरू लाई धन्यवाद ज्ञापन गरिएको थियो ।

ग्रामीण उद्यम कर्जा लगानीको स्थलगत अनुगमन

साना किसान कृषि सहकारी संस्था लि. पाटी मोरङबाट ग्रामीण उद्यम कर्जा लिएर व्यवसाय गरिरहेका सदस्य किसानहरूको व्यवसाय अनुगमन गर्ने कार्य सम्पन्न भएको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत नवराज सिंखडा, एसियाली विकास बैंकका टिम लिडर डा. अन्जन पाण्डे, शाखा कार्यालय इटहरीका प्रमुख सहितको टोलिको सहभागितामा भएको अनुगमन कार्यक्रमका क्रममा संस्था सदस्य आइती लिम्बू र उहाँको परिवारले सञ्चालन गरेको व्यवसायको अवलोकन गर्नुभएको थियो।

लिम्बूले ग्रामीण उद्यम कर्जा लिई व्यावसायिक माछा तथा वाख्रा पालन गरिरहनु भएको छ। साना किसान कृषि सहकारी संस्था लि. पाटीले व्यावसायिक योजना र सम्भाव्यताको आधारमा १ जना सदस्यलाई ५-५० (पाँच लाखदेखि पचास लाख) सम्म र सामूहिक व्यवसायमा २ करोड ५० लाख सम्म वार्षिक ९% ब्याजदरमा ग्रामीण उद्यम कर्जा प्रवाह गर्दै आएको छ।

संस्थाले पशुपन्छी पालन, तरकारी खेती तथा फलफूल खेतीलगायत अन्य ग्रामीण उद्यमका लागि आफ्ना सेयर सदस्यहरूमध्ये ५ जनालाई हालसम्म ७५ लाख ५० हजार कर्जा प्रवाह गरिसकेको छ।

सीप परियोजना बुटवल कार्यालय अन्तर्गतको परियोजना समापन कार्यक्रम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय बुटवलको आयोजनामा यस शाखा कार्यालयअन्तर्गत रहेर सञ्चालन भएको सीप परियोजनाको समापन गरिएको छ। विभिन्न सहकारी संघ, संस्थाका अध्यक्ष, सञ्चालक, कर्मचारी, सदस्यहरूहरूको सहभागितामा भएको उक्त कार्यक्रममा परियोजनाको समिक्षा गरिएको थियो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै साना किसान कृषि सहकारी संस्थाहरूमार्फत सदस्यहरूको जीवनस्तर सुधारमा गरेको योगदान सम्झनलायक रहेको बताउनुभयो। उहाँले नेपाललाई पुग्नेगरी उब्जाउन गर्न सकिने सम्भावना नेपालमा प्रचुर रहेको प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले बताउनुभयो।

सदस्यहरूलाई आय आर्जनसँग जोड्नु साना किसानको मूल मर्म रहेको भन्दै उहाँले किसानहरूलाई पूर्णरूपमा कृषि तथा पशुपालनमा लाग्न अनुरोध गर्नुभयो। उहाँले संस्थागत दिगो विकास र सुशासनलाई केन्द्रमा राखेर काम गर्न समेत सबैलाई अनुरोध गर्नुभयो। सीप परियोजनामार्फत सदस्य संस्थाको दिगो विकास र क्षमता विकासमा लगायतका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ।

यसैगरी, कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्थाकी विभागीय प्रमुख ईशा केसी परियोजना संयोजक कृष्ण अर्याल, शाखा कार्यालय बुटवलका शाखा प्रमुख लगायतको सहभागिता रहेको थियो।

सीप परियोजना बर्दिवास कार्यालय अन्तर्गतको परियोजना समापन कार्यक्रम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय बर्दिवासको आयोजनामा यस शाखा कार्यालय मातहत रहेर सञ्चालन भएको सीप परियोजनाको समापन गरिएको छ । विभिन्न सहकारी संघ, संस्थाका अध्यक्ष, सञ्चालक, कर्मचारी, सदस्यहरूहरूको सहभागितामा भएको उक्त कार्यक्रममा परियोजनाको समीक्षा गरिएको थियो ।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले प्रमुख अतिथिको आशानबाट बोल्नुहुँदै साना किसान कृषि सहकारी संस्थाहरूमार्फत सदस्यहरूको जीवनस्तर सुधारमा गरेको योगदान सम्झनलायक रहेको बताउनुभयो । उहाँले नेपाललाई पुग्नेगरी उब्जाउन गर्न सकिने सम्भावना नेपालमा प्रचुर रहेको प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले बताउनुभयो ।

सदस्यहरूलाई आय आर्जनसँग जोड्नु साना किसानको मूल मर्म रहेको भन्दै उहाँले किसानहरूलाई पूर्णरूपमा कृषि तथा पशुपालनमा लाग्न अनुरोध गर्नुभयो । उहाँले संस्थागत दिगो विकास र सुशासनलाई केन्द्रमा राखेर काम गर्न समेत सबैलाई अनुरोध गर्नुभयो । सिप परियोजनामार्फत सदस्य संस्थाको दिगो विकास र क्षमता विकासमा लगायतका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ ।

यसैगरी, कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था की विभागीय प्रमुख इशा केसी परियोजना संयोजक कृष्ण अर्याल लगायतको सहभागीता थियो ।

कार्यक्रममा यो परियोजना सञ्चालन गरेर राम्रो नतिजा हासिल गर्न सफल भएका संस्थाहरूलाई पुरस्कृतसमेत गरिएको थियो । परियोजनामा धैरै प्रगति हासिल गर्न सफल साना किसान कृषि सहकारी संस्था लि. रघुनाथपुर धनुषालाई एकलाख बराबरको ल्यापटप तथा कदर पत्र प्रदान गरिएको थियो ।

कर्जा सुरक्षा तथा व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय लाहानको आयोजनामा सहकारी संस्थाका सञ्चालक, कर्मचारी तथा सदस्यहरूका लागि कर्जा सुरक्षा तथा व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ।

समृद्धि परियोजनाअर्न्तगत आइफार्डको सहयोगमा भएको कार्यक्रममा लाहान शाखा अन्तर्गतका विभिन्न सहकारीका करिब ५० जनाको सहभागिता रहेको थियो।

धादिङमा कर्जा व्यवस्थापन तालिम सम्पन्न

धादिङमा ग्रामीण उद्यम कर्जा लगानी र यसको व्यवस्थापनका विषयमा साना किसान कृषि सहकारी संस्थाका फोकल पर्सनहरूका लागि कर्जा व्यवस्थापन तालिम सम्पन्न भएको छ।

साना किसान विकास लघुत्त वित्तीय संस्था लि. को आयोजनामा ग्रामीण उद्यम कर्जा लगानी भएका धादिङका साना किसान कृषि सहकारी संस्थाका फोकल पर्सनहरूलाई कर्जाको उपयोगिता र यसको व्यवस्थापन लगायतका विषयमा केन्द्रित रहेर तालिम प्रदान गरिएको हो।

तालिममा साना किसान विकास लघुत्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडाले किसानको आयआर्जन वृद्धि गराउन र लघुउद्यम सञ्चालन गर्न कर्जाले सहयोग पग्ने विश्वास व्यक्त गर्नुभयो। समापन कार्यक्रममा बोल्नुहुँदै उहाँले उद्यमशीलताको विकाससँगै आयआर्जनमा किसानहरूलाई संलग्न बनाउन यस कर्जाले सहयोग गरेको बताउनुभयो। तालिममा धादिङका विभिन्न संस्थाका करिब ५० जनाको सहभागिता रहेको थियो।

कर्जा तथा जोखिम विश्लेषणसम्बन्धी तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा कर्जा तथा जोखिम विश्लेषण तालिम सम्पन्न भएको छ।

देशभरका शाखा कार्यालय प्रमुख तथा कर्जासम्बन्धी काम गर्ने कर्मचारीहरूको सहभागिता रहेको तालिममा कर्जा लगानी यसको अवस्था विश्लेषण र जोखिम न्यूनीकरणका लागि अपनाउन सकिने उपायका बारेमा जानकारी दिइएको थियो। कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला, डिसियो, विभिन्न विभागीय प्रमुख लगायतको सहभागिता रहेको थियो।

ग्रामीण उद्यम कर्जा लगानीको कोसी प्रदेशमा स्थलगत अनुगमन

ग्रामीण उद्यम कर्जा लिएर विभिन्न पेसा व्यवसाय गरिरहेका सदस्यहरूको व्यवसायको स्थलगत अनुगमन गरिएको छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत नवराज सिम्खडा, एसियाली विकास बैंकका टिम लिडर डा. अन्जन पाण्डे, विभागीय प्रमुख ईशा के.सी. सहितको टोलीको सहभागितामा अनुगमन गरिएको हो । भएको अनुगमन कार्यक्रमका क्रममा संस्था सदस्यहरूले गरिरहेको विभिन्न पेसा व्यवसायको अवस्था, उत्पादन, बजारीकरण सहजता र समस्या लगायतका विषयमा समेत जानकारी लिइएको थियो ।

विभिन्न संस्थामार्फत ग्रामीण उद्यम कर्जा लिएका सदस्य किसानहरूको व्यवसायलाई अझै प्रभावकारी रूपमा कसरी अगाडि बढाउन सकिन्छ भन्ने बारेमा समेत अनुगमनका क्रममा सुझाव प्रस्तुत गरिएको थियो ।

वित्तीय साक्षरताले संस्थागत दिगो विकास र समृद्धिमा सहयोग गर्छ

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले हरेक संस्थाको संस्थागत दिगो विकास र समृद्धिका लागि वित्तीय साक्षरता महत्त्वपूर्ण हुने बताउनु भएको छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले आयोजना गरेको ३ दिने वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिमको उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले वित्तीय ज्ञानले उद्यामशीलताको विकास गराई सम्भावनाका क्षेत्रहरूको पहिचान गर्न सके युवा उद्यामशीलता बढाउन सकिने विश्वास व्यक्त गर्नुभयो।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले ग्रामीण क्षेत्रमा पुगेर साना किसानहरूका लागि आयोजना गर्ने विभिन्न सचेतनाका कार्यक्रमहरूले गरिबी निवारण, महिलाको सचेतना वृद्धि, नेतृत्व विकास, युवा उद्यमशीलता, सामाजिक सामुदायिक रूपान्तरणका कार्यहरूमा प्रगति हासिल गरिएको बताउनुभयो। ग्रामीण अर्थतन्त्रको विद्यमान संरचनामा रूपान्तरण गर्ने कार्यमा यस संस्थाले नेतृत्वदायी भूमिका खेलेको दाबी गर्नुभयो।

उहाँले वित्तीय पहुँचसँगै किसानहरूको जीवनस्तर उकास्न ज्ञान, सीप र अभ्यासमा लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो। यसैगरी, कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराईले वित्तीय साक्षरता संस्था र जीवन सञ्चालनका लागि महत्त्वपूर्ण रहेको बताउनुभयो।

सहकारीहरूले सदस्यको समग्र हित हुने कार्यक्रम र सेवाको लिष्ट लिएर सदस्यहरूको बीचमा जानुपर्ने आवश्यकता औँल्याउनुभयो। नायव प्रमुख कार्यकारी अधिकृत भट्टराईले संस्थालाई दिगो र प्रभावकारी बनाउन वित्तीय साक्षरता आवश्यक रहने बताउनुभयो।

देशका विभिन्न जिल्लामा रहेका साना किसान कृषि सहकारी संस्था लि. का सञ्चालक, प्रवन्धक, कर्मचारीलगायत विभिन्न क्षेत्रका सहकारीकर्मीहरूको सहभागितामा भएको कार्यक्रमको सञ्चालन साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का वरिष्ठ प्रबन्धक लीलाधर धितालले गर्नुभएको थियो।

कृषिको रूपान्तरणमा युवा सहभागिता अपरिहार्य : सिइओ कोइराला

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले आर्थिक समृद्धि, कृषिको रूपान्तरण र गरिबी निवारणका लागि कृषि पेशामा युवा सहभागिता अपरिहार्य रहेको बताउनुभएको छ ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले आयोजना गरेको सीप परियोजनाको अभ्यास र अनुभव आदान प्रदान कार्यक्रममा बोल्नुहुँदै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थको उच्चतम प्रयोग गरी साना तथा लघु उद्यममा युवाहरूलाई जोड्नु आजको अपरिहार्य आवश्यकता रहेको बताउनुभयो ।

उत्पादनलाई उद्यम र युवासँग जोड्दै आयआर्जनको सुनिश्चितता गर्न सके युवाहरूलाई स्वदेशमै राख्न सकिने उहाँले धारणा राख्नुभयो । उहाँले सीप परियोजनामार्फत सञ्चालन भएका कार्यक्रमहरूले विदेश जाने र गएर फर्केका युवाहरूलाई आफ्नो क्षमता अनुसारको काम र व्यवसाय गर्न प्रोत्साहन गरेर युवाहरूलाई उद्यमतर्फ आकर्षित गर्न सफल भएको बताउनुभयो । प्रमुख कार्यकारी अधिकृत डा. कोइरालाले साना किसान कृषि सहकारी संस्थामार्फत प्रदान गरिने कर्जा सीप, क्षमता र व्यवसायको बारेमा राम्रोसँग जानकार युवाहरूलाई प्रदान गर्न सके छिटो र सहजढंगबाट आयआर्जन गर्न सकिने धारणा राख्नुभयो ।

साना किसान विकास लघुवित्तले पछिल्लो समय कृषिमा युवा सहभागिता र कृषिको रूपान्तरण, साना तथा घरेलु उद्यमको विकास र विस्तार, स्थानीय कच्चा पदार्थको प्रयोग, स्थानीयस्तरमा रोजगारी, वातावरण संरक्षण र कृषिमा सूचना प्रविधिको प्रयोग लगायतका विषयलाई प्रमुखताका साथ अगाडि बढाएको बताउनुभयो । सीप परियोजना मार्फत ग्रामीण क्षेत्रको अर्थतन्त्र सुधार गर्दै आर्थिक सामाजिक रूपान्तरणमा ठूलो सहयोग पुगेको बताउनुभयो ।

यसैगरी, कार्यक्रममा युकेएड सीप कार्यक्रमका टिम लिडर बलजित बोहराले सीप परियोजनामार्फत नेपालका साना किसान परिवारमा सञ्चालन गरिएको कार्यक्रमले सकारात्मक परिवर्तन ल्याउन सफल भएको बताउनुभयो ।

यसैगरी, कार्यक्रममा ब्रिटिस एम्बेसीका निजी क्षेत्र विकास सल्लाहकार कुमुद घिमिरे, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत डा. नवराज सिम्खडा, पृथबहादुर थापा, झलेन्द्र भट्टराई, वरिष्ठ प्रबन्धक ईशा केसी, शिवहरि अर्याल, लीलाधर धिताल, मन्दिपा दाहाल लगायतको सहभागिता थियो ।

सहकारीको योगदान र उपलब्धिको उचित मूल्यांकन गर्न अध्यक्ष पाठकको अनुरोध

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.तथा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठकले नेपालमा ग्रामीण अर्थतन्त्रको सुधार र गरिबी निवारणमा कृषि सहकारीहरूले खेलेको भूमिका र पुऱ्याएको योगदानको उचित मूल्यांकन गर्न सरकार र सरोकारवालाहरूलाई अनुरोध गर्नुभएको छ।

विभिन्न जिल्लामा विभिन्न सहकारी संस्थाहरूको साधारण सभामा बोल्नुहुँदै अध्यक्ष पाठकले ग्रामीण अर्थतन्त्रलाई प्रभावकारी बनाउन र गरिबी निवारण गर्न साना किसान कृषि सहकारीहरूले खेलेको भूमिकालाई सबैले बुझ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले आर्थिक रूपमा विपन्न किसानहरूलाई पुँजी, प्रविधि, सचेतना लगायतका कुराहरूमार्फत सबल बनाउन साना किसान विकास लघुवित्त वित्तीय संस्था र केन्द्रीय संघले खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो। उहाँले आफ्नो गाउँ ठाउँको परिवर्तनका लागि सदस्यहरू पनि जागरूक हुनुपर्नेमा जोड दिनुभयो। सदस्यहरूले आफ्नो क्षेत्रलाई कसरी राम्रो बनाउन सकिन्छ भन्नेबारेमा सोच्न सक्ने हो भने परिवर्तनका लागि धेरै समय कुर्नु नपर्ने बताउनुभयो। कृषि क्षेत्र सबैतिरबाट उपेक्षामा पर्न थालेको भन्दै अध्यक्ष पाठकले सम्मानयोग्य पेसाका रूपमा कृषिलाई माथि उठाउन सके यसतर्फ सबैको ध्यान तान्न सकिने विश्वाससमेत व्यक्त गर्नुभयो। किसानहरूलाई सम्मान पर्ने परिपार्टीलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकतासमेत पाठकले औँल्याउनुभयो। विगतमा निकै कठिन समय पार गरेर अगाडि बढेको साना किसान विकास आन्दोलन र अभियानलाई आत्मसाथ गर्दै समय सापेक्षा परिमार्जित गर्दै जानुपर्नेमा समेत जोड दिनुभयो। अहिले संघीयताको कार्यान्वयनसँगै बनेका स्थानीय सरकारहरूले पनि विकास निर्माणसँगै कृषि तथा सहकारीलाई स्थानीय सहुलियत, साथ सयहोग प्रदान गर्न सके यसको प्रभावकारिता अझै व्यापक हुने उहाँले दाबी गर्नुभयो।

बंगलादेशमा भिख माग्नेलाई कामकाजी बनाउने ग्रामीण बैंकको मोबाइल फोन सेवा

अनुवादक- अनिल कृष्ण जोशी, वरिष्ठ प्रबन्धक,
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

बंगलादेशमा गरिबहरूको लागि लघुकर्जा उपलब्ध गराउँदै आएको ग्रामीण बैंक, बंगलादेशले मागेर आफ्नो गुजारा चलाइरहेकाहरूको जीवन परिवर्तनका लागि एक अनौठो परियोजना सार्वजनिक गऱ्यो । यस बैंकले सार्वजनिक गरेको यो परियोजनाका बारेमा चर्चा परिर्चा पनि सुरु भयो ।

बैंकले सार्वजनिक गरेको परियोजनामा मागेर जीवन चलाइरहेकाहरूको सशक्तिकरणका लागि मोबाइल फोन वितरण गर्ने रहेको थियो । जसमा उनीहरूलाई ऋणको रूपमा नगदको सट्टा मोबाइल फोन प्रदान गर्ने रहेको थियो । यस परियोजना र सेवा बारेमा ग्रामीण बैंकका उपप्रबन्ध निर्देशक दीपाल चन्द्र बरुवा बताउनुहुन्छ "बैंकको ऋण कार्यक्रमबाट अहिलेसम्म छुटेको एउटै समूह थियो, मागी खाने भिखारी । उनीहरूलाई पनि यस बैंकमा सदस्य बन्ने अधिकार छ र उनीहरू यस बैंकको संजाल (Network) मा आबद्ध रहन सक्छन् ।"

उहाँ भन्नुहुन्छ "यिनीहरूको जिन्दगी नाटकीय ढंगबाट बदलिएको छ र केही वर्षमा नै उनीहरू आफ्नो खुट्टामा उभिएका हुनेछन् । आफ्नो ग्रामीण परिवेशमा उनीहरू अब एउटा सभ्य जीवन बिताउन सक्नेछन् । अबको पालो भिख माग्ने भिखारीको हो ।" स्मरणीय छ बंगलादेशका प्रसिद्ध अर्थशास्त्री प्रोफेसर मोहम्मद युनुसले स्थापना गरेको ग्रामीण बैंकले लाखौं गरिबहरूको लागि संचालन गरेको सानो सानो लघु कर्जा कार्यक्रमको लागि उहाँ कैयौं अन्तर्राष्ट्रिय पुरस्कारबाट समेत सम्मानित भइसक्नु भएको छ ।

यस योजनाअन्तर्गत हरेक मागिखाने भिखारी मोबाइल फोन लिनको लागि ग्रामीण बैंक परियोजनाको सदस्य बन्नुपर्ने हुन्छ । मोबाइल फोनको मूल्य ८,५०० टका (बंगलादेशी मुद्रा) अर्थात् १४३ अमेरिकी डलर पर्छ जुन मूल्य उनीहरूले सानो सानो किस्तामा २ वर्षभित्र बुझाउन सक्दछन् । यसमा ब्याज लाग्दैन । हरेक महिना बैंकले यस्ता भिखारीहरूबाट १५२ टका लिन्छ जुन अत्यन्तै न्यून छ । अरू ऋणको लागि बैंकले १० प्रतिशत ब्याज (समदरमा) लिने गर्दछ । बरुवा भन्नुहुन्छ "हामी उनीहरूलाई तुरुन्त भिख माग्न छोड भन्दैनौं बरु कसैलाई फोन गर्नु छ भने आफ्नो हात अगाडि बढाउन प्रेरित गर्छौं । यसबाट भिखारीहरूलाई मोबाइल फोनबाट आम्दानी हुने गर्दछ जसबाट उनीहरू आफ्नो फोनको किस्ता सजिलै चुक्ता गर्न सक्छन् ।" अहिलेको लागि यो परियोजना ग्रामीण क्षेत्रहरूमा मात्र सञ्चालन गरिनेछ जहाँ भिखारीहरूको संख्या शहरको तुलनामा ज्यादै न्यून हुने गर्दछ । बैंकको मान्यता छ कि यस परियोजनाबाट देशका कैयौं भिखारीहरूको भाग्य नै फेरिनेछ । उपप्रबन्ध निर्देशक बरुवा भन्नुहुन्छ "हामी खाली वृद्ध, घर नभएका, बेरोजगार र आफ्ना परिवारबाट छोडेका मानिसहरूको मात्र मद्दत नगरी सडकमा दिनहुँ देखिने भिखारीहरूको दयनीय दृश्यहरूबाट समेत छुटकारा लिन चाहन्छौं । आफ्नो हातमा मोबाइल फोन आएपछि भिखारीहरूले पनि आफू भिख मागेर खाने आफ्नो पुरानो पेसा छोडिदिन्छन् ।"

मोबाइल फोनधारी भिखारीहरूलाई बैंकले ५०० टका थप नगद ऋण पनि दिनेछ जसबाट उनीहरूले अतिरिक्त आम्दानीको लागि हल्काफुल्का खानेकुरा पनि बेच्न सक्छन् । योभन्दा पहिले ग्रामीण बैंकले ग्रामीण गरिब महिलाहरूको आम्दानीको लागि ग्रामीण फोन उपलब्ध गराइसकेको छ जसबाट उनीहरूको जीवनस्तर राम्रो भइसकेको छ । उनीहरू महिनाको ३०० देखि ४०० डलरसम्म कमाउन सक्ने भइसकेका छन् । आजको समयमा बंगलादेशमा ७५,००० फोनधनी महिलाहरू भइसकेका छन् ।

साभार : द टाइम्स अफ इण्डिया, १६ सेप्टेम्बर २००४

सफलताको कथा

कृषक पाठशालाको रूपमा मैनापोखर कृषि सहकारी

शेर बहादुर चौधरी
इलाका प्रबन्धक
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
नेपालगञ्ज शाखा

साना किसानको समृद्धिः कृषिको रूपान्तरण र उद्यमशीलताको विकास नारालाई साकार गर्न कृषि, स-साना घरेलु स्तरका व्यवसायमा आधारित विपन्न तथा साना किसान परिवारका सदस्यहरूको बीच सामूहिक भावनाको विकास गर्दै समूहमा संगठन गरी सदस्यहरूको इच्छा र आवश्यकताअनुसार आर्थिक, सामाजिक तथा समुदायमा आधारित दिगो, स्वाबलम्बी एवं भरपर्दो संस्थाको परिकल्पना बोकेको मैनापोखर कृषि सहकारी संस्था लि.बढैयाताल-६, बर्दिया हाल एउटा नमुना कृषक पाठशालाको रूपमा पनि चिनिएको छ । तेलहन बालीप्रति आकर्षित गर्न र कृषकहरूको सीप तथा क्षमता अभिवृद्धि गरी व्यावसायिक उत्पादनतर्फ उन्मुख गराउनका लागि कृषि विज्ञ श्री रामश्रेय साह मिति २०७९।३।१ देखि परामर्श दिन सुरु गरेपछि त झन् कृषकको अनुहारमा नै थप चमक देखिन्छ। तोरी खेती नै नगर्ने कृषकहरूमा पनि उहाँले आकर्षण बढाई तोरी खेती गर्न लगाउनु भई गत सालमा साबिकको उत्पादनभन्दा डेढी उत्पादन भएको थियो । उहाँ, तोरी मात्र नभई मकै, गहुँ र छरुवा धानमा कृषकको विश्वास जित्न सफल हुनुभएको छ । साहकै प्रेरणा पाई कृषकहरू ले २०७९ सालमा झण्डै ५ बिघामा छरुवा धान रोपी, उत्पादनमा कुनै कमी नभई ३० हजारको हाराहारीमा प्रति बिघा खर्च कटौती गर्न सफल भएपछि यो वर्ष सहकारीले २५ बिघा जग्गा लिजमा लिई चक्लाबन्दी खेतीप्रति आकर्षण बढाएको छ । संस्थाले उक्त जग्गामा छरुवा धान खेती गरी प्रयोगमा ल्याइसकेको छ । त्यहाँका कृषकहरूले पनि आ-आफ्नो जग्गामा झण्डै २० बिघामा छरुवा धान खेती परीक्षण गर्दै गरेको पाइयो । अबको दिन उत्पादन मात्र बढाएर नाफा गर्नुभन्दा खर्च कटौतीबाट पनि नाफा बढाउन सकिन्छ कि भन्ने उदाहरण मैनापोखरमा देख्न सकिन्छ। साहको १ वर्षभरि गरिएको कृषक पाठशालाको प्रतिफल मकै, धान, गहुँ र तोरीमा सहजै हेर्न सकिन्छ । जसको फलस्वरूप संस्थाले १० कट्ठामा बाउन्ड्री गरी तोरी मिल स्थापना गरिसकेको छ र बजारमा पनि शुद्ध तोरीको तेल बिक्री गरी ग्रामीण उद्यमशीलताको विकासमा टेपा पुऱ्याइ रहेको छ। १ करोड ६२ लाखको लागतमा साना किसान खाद्य उद्योग सञ्चालन भई वार्षिक २ करोडको कारोबार गरेको छ। सो उद्योगमा मात्रै ३ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् भने यसको अलावा संस्थाले ७ जनालाई रोजगारी प्रदान गरेको छ।

तत्कालीन कृषि विकास बैंक लि.को साना किसान विकास आयोजनामार्फत २०५९।०४।२३ गते डिभिजन सहकारी

कार्यालय नेपालगञ्जमा साना किसान कृषि सहकारी संस्था लि.मैनापोखरको नाममा दर्ता भई ४९ वटा समूह, २ ९३ जना सदस्य, ४ लाख निक्षेप, २५ हजार सेयर र ४९ लाख लरर कारोबारमा व्यवस्थापन हस्तान्तरण गरेको संस्था २०८० असार मसान्तसम्म २७८ वटा समूह, १८५८ जना सदस्य, ३ करोड १२ लाख शेयर, ३ करोड ४२ लाख जगेडा कोष, १५ करोड २४ लाख निक्षेप, ४४ करोड ५५ लाख लरर, २६ करोड १५ लाख बाह्य कर्जा रहेको देखिन्छ। आ.ब.२०७९।८० मा संस्थाको असुलीदर ९७% कायम भई १ करोड ३४ लाख नाफाआर्जन गर्न सफल भएको पाइयो। सामाजिक सामुदायिक कार्यक्रमअन्तर्गत १ लाखको लागतमा प्रतीक्षालय निर्माण गरी सेवा प्रदान गरिरहेको छ भने साना किसान विकास लघुवित्त वित्तीय संस्थाको आर्थिक सहयोगमा सुलभ शौचालय, शुद्ध खाने पानी कार्यक्रमहरू, १० वटा स्प्रे टंकी, २ वटा उन्नत नश्ल सुधारका लागि ब्याड बोका वितरण गरिएको छ। त्यसैगरी, RISUM FP को कार्यक्रमबाट ४० लाख अनुदान प्राप्त गरी ५ वटा पावर टेलर, १२ वटा पम्प सेट, १ वटा खाद्यान्न संकलन गोदामघर, ४ वटा पम्पसेट (बोरिङसहित), १२ वटा मोटर, २ वटा आलु रोप्ने मेसिन, १ वटा आलु ग्रेडिङ मेसिनबाट सम्पूर्ण कृषकहरू लाभान्वित भएका छन्। पशुधन सुरक्षणको लागि पशुबीमा गरिन्छ र उक्त पशुहरूलाई निःशुल्क पशु भ्याक्सिन प्रदान गरिने व्यवस्था मिलाइएको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट ५ लाख अनुदान र बाँकी संस्थाको स्रोतबाट एउटा तालिम हल, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट २३ लाख अनुदान र बाँकी संस्था स्रोतबाट तोरी प्रशोधन उद्योगको लागि गोदाम निर्माण कार्य सम्पन्न भइसकेको छ।

लाइस्टक इनोभेसन कार्यालय बुटवलबाट ६३ लाख अनुदान प्राप्त गरी १५ जना कृषकका लागि खोर साथै, ३७५ वटा बाख्रा १४ वटा बोका वितरण भइसकेको पाइयो। बढैयाताल गाउँपालिका कार्यालयबाट ४ लाख अनुदान प्राप्त भई तोरी मिल उद्योगको पर्खाल निर्माणसमेत भइसकेको छ। आ.ब.२०७९।८० मा एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय बर्दियाबाट तोरी प्रबर्द्धन कार्यक्रममा १७ लाखको अनुदानमा १ वटा ट्रेक्टर, १ वटा रिपर मेशिन, १ वटा थ्रेसर, १ वटा रोटोभेटर, १३ वटा पानी तान्ने मोटर, १० वटा पम्पसेट, २० वटा स्प्रे टंकी कृषकहरू अति नै लाभान्वित भएका छन्। त्यसैगरी, आ.ब.२०७९।८० मा नै बढैयाताल गा.पा. कृषि शाखाबाट रु.३ लाख ८० हजार अनुदानमा १० वटा पानी तान्ने मोटर, १ वटा पावर टेलर, १५ वटा भण्डारण ड्रम

(गहुँ प्रयोजनार्थ) खरिद कृषकहरूलाई थप सेवा प्रदान गर्दै आएको पाइयो। हालको बजार मूल्यानुसार झण्डै ४ करोड मूल्य बराबरको १० कट्ठा १० धुर जग्गामा संस्थाको २ वटा गोदाम घर, १ बाख्रा संकलन घर, २ वटा हलसहितको ९ कोठे कार्यालय भवन रहेको छ।

संस्थाको अध्यक्ष श्री विष्णुप्रसाद लम्साल र मुख्य प्रबन्धक श्री माया पोखेलसँगको कुराकानी अनुसार कृषकहरू निर्वाहमुखी कृषि प्रणालीबाट क्रमशः व्यावसायिक कृषितर्फ उन्मुख भएको बताउनुभयो। कार्यक्षेत्र भित्रका सेयर सदस्यहरूको २० वटा कुखरा फर्म, २८ वटा बाख्रा फर्म, १९ वटा बंगुर फर्म, १९ वटा गाई फर्म, १३ वटा भैंसी फर्म, ५९ वटा माछा फर्म, ३ वटा च्याउ फर्म, २९ वटा तरकारी फर्म, ११ वटा कुटानी/पिसानी/तेलहन मिल, ३ वटा दुग्ध संकलन केन्द्र स्थापना भइसकेको र आगामी दिनमा कृषि पाठशालाको माध्यमद्वारा थप व्यवसायीहरू सृजित हुने कुरामा दुईमत नहोला। उहाँले गर्व गर्दै थप्नुभयो : प्रत्येक कृषकहरू आफ्नो कामको इमानदार प्रयासमा हमेसा लागिरहनु पर्छ। त्यसैमा आनन्द लिन सक्नुपर्छ।

सफलताको कथा

शिक्षक पेसासँगै फस्टाउँदै बंगुरपालन व्यवसाय

राम जनक चौधरी
वरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि .
शाखा कार्यालय, नेपालगञ्ज, बाँके

बाँके जिल्ला बैजनाथ गाउँपालिका वडा नं .१ चिसापानी गाबर घर भएका धनबहादुर शाह पेसाले माध्यामिक तहको शिक्षक हुन् । उहाँ शिक्षक पेसामा लागेको २२ वर्ष भइसकेको छ । शाहको हाल श्रीमती, छोराछोरीसहित ५ जनाको परिवार रहेको छ। घरका ५ जना परिवार पाल्ने उहाँ एक्लैको कमाइले पुग्ने अवस्था थिएन भने छोराछोरीहरूको पढाइ घरायसी खर्च तथा अन्य खर्चले आम्दानीभन्दा खर्च धेरै भइरहेको थियो जसले गर्दा घर व्यवहार चलाउन खासै सहज थिएन । त्यसैले घरपायक जागिर बिहान साँझको खाली समय बंगुरपालन व्यवसायमा लगाउने निधो गर्नुभयो। २०७२ सालमा रारा बंगुर फर्म नामबाट बंगुर पालन फर्म दर्ता गरी ५ वटा बंगुरका पाठापाठीबाट व्यवसाय सुरु गरेका शाहले आजको दिनसम्म आइपुग्दा व्यवसायलाइ निरन्तरता दिइराख्नु भएको छ। अहिले शाहसँग २१ वटा माउ बंगुर, २ वटा भाले बंगुर, १२ वटा मासुको लागि तयार भएका बंगुर र पाठापाठीसहित गरी करिब ६० वटा बंगुर रहेका छन् । गाउँमा शिक्षक जस्तो मान्छेले बंगुरको दाना हाल्ने, सरसफाइ गर्ने काम गरेको देखेर अरूले कुरा काटिरहन्थे तर शाहलाई त्यस कुराले अझ ऊर्जा थप्ने गर्दथ्यो । बिहान ९ बजेदेखि ५ बजेसम्म स्कुलमा समय बिताउने शाह बाँकी समय बंगुरसँगै रमाउन थाले समय बितेको पत्तै पाउँदैनथे । उनी भन्छन् बिहान ६ बजे उठ्छु बंगुरलाई दाना तयार गर्छु ,खोर सरसफाइ गर्छु, अनी बंगुरलाई दाना दिन्छु अनि ९ बजे विद्यालय जान्छु। दिउँसोको समयमा शाहकी श्रीमतीले उक्त कामलाई सम्हाल्ने गर्छिन भने उहाँलाई स्कुलमा समेत खाली

समयमा बंगुरलाई दानापानी, आहारविहार पुग्यो पुगेन भनेर चिन्ता लागिरहन्छ। शाहले भने वास्तममा मैले व्यवसाय सुरु गरेदेखि आजका मितिसम्म आइपुग्दा झण्डै ८ वर्ष भयो । तर, पनि मैले यसलाई व्यवस्थित, मर्यादित र व्यावसायिक बनाउनका लागि विभिन्न बैंक वित्तीय संस्थाहरू धाएँ तर मलाई पत्याएनन्, सहकारीमा धाए ब्यवसायलाई चाहिने आवश्यक मात्रामा कर्जा पाएन धेरथोर गरी साना किसानबाट ऋाण लिए तर सोचेअनुरूप म सफल भइरहेको थिएन जेनतेन चलिरहेको थियो । १० देखि १५ वटा बंगुर निरन्तर रूपमा कहिल्यै पनि खोरमा खाली भएनन, सामान्य खोर मात्रै थियो, यसरी नै चलिरहेको थियो व्यवसाय तर मनमा एउटा इच्छा भने कहिल्यै मरेन। म जहिले पनि केही गर्नुपर्छ भन्ने सोचबाट हुर्के, पढे बढेको थिएँ। पछिल्लो समय देखिएको स्वाइफ्लु प्रकोप, विश्वव्यापी कोरोना माहामारी व्यवसायमा धेरै क्षति

पुग्यो । शिक्षक पेसाबाटै हुने आम्दानीबाट घरव्यवहार र छोराछोरी पढाउनुको साथै व्यवसायमा थोरबहुत सहयोग मिलिरहेको थियो अन्य आर्थिक स्रोतहरू थिएन तर पनि हरेश खाएनन् ।

नेपाल एक कृषि प्रदान देश हो भने पनि यो त्यति सार्थक हुन सकेको थिएन । निर्वाहमुखी कृषि प्रणालीमा गुज्रिरहेको हाम्रो देशमा पछिल्लो समय युवाहरूको विदेश पलायन, युवाहरूमा वेराजगारीले थपेको निरासा, आफनै देशमा केही गर्छु भन्ने सोचभएका केही व्यक्तीहरूलाई पनि लगानीको अभाव, प्राविधिक समस्या, झन्झटिलो प्रक्रिया, स्थानीय सरकारको बेवास्ता, अनुदानमा सहयोग नपाउनुले व्यवसायमा लाग्न कठिन छ । तर पनि सकारात्मक सोच बोकेका, आफ्नै देशमा केही गर्छु भन्ने सोच भएका युवा, किसानहरूको लागि उदाहरण बन्न सके नेपालको लागि कृषि क्षेत्रमा सानो योगदानसँगै आफूलाई पनि आर्थिक तथा व्यावसायिक रूपमा सफल भएको अनुभूति हुने कुरा बताउनुभयो । उहाँ भन्नुहुन्छ हामी नेपालीमा कृषि खेतिबारी, पशु पाल्ने काम गरे सानो भइन्छ भन्ने सोचले पनि कृषिको विकास हुन नसक्नुको कारण हो । त्यसैले पनि यो सोचलाई हटाउन पनि म यो क्षेत्रमा लागेको हुँ ।

उहाँ भन्नुहुन्छ साना किसान कृषि सहकारी संस्था लि चिसापानीले ७ दिने पशुपालन व्यवस्थापन तालिमको आयोजना गरी तालिमसँगै चितवन जिल्लाका विभिन्न सरकारी तथा गैरसरकारी पशु फार्महरूमा अवलोकन गर्ने सौभाग्य दिएको छ। जसले गर्दा बंगुरपालन व्यवसायमा थप हौसला मिलेको छ। उक्त तालिमबाट मैले व्यवसायलाई कसरी व्यवस्थित, व्यावसायिक र नाफामूलक बनाउने, बंगुरपालन गर्दा कस्ता कुराहरूमा ध्यान दिनुपर्छ भन्ने सम्पूर्ण प्राविधिक कुराहरू सिक्ने अवसर पाएँ। व्यवसायमा सोचेजस्तो लगानी लगाउन नसक्दा, लगानीको स्रोत जुटाउन नसकिरहेका बेला यस साना किसान बिकास लघुवित्त वित्तीय संस्था लि.ले साना किसान कृषि सहकारी सस्था लि. चिसापानीमार्फत ग्रामीण उद्यम कर्जा उपलब्ध गराएर म जस्ता कैयौं किसानको व्यवसाय विस्तारमा सुनौलो अवसर थपेको छ । अझ उत्पादन सँगै बजारीकरणमा सहयोग गरे हामीलाई व्यवसाय गर्न सजिलो हुने बताउँउनुहुन्छ। उहाँ भन्नुहुन्छ कृषिमा साँच्चै चासो राख्ने, सीप ऊर्जा उत्साह र जाँगर भएका युवा तथा किसानलाई साना किसान कृषि सहकारी संस्था लि.ले जस्तै लगानी सँगसँगै प्राविधिक सहयोग, बजारीकरणको व्यवस्था पनि गरिदिन सकेको भए कृषि व्यवसायको प्रभावकारितालाई बढाउन सकिने र किसानको जीवनस्तरमा पनि सुधार आउने देखिन्छ।

साना किसानको समृद्धि, कृषिको रूपान्तरण तथा उद्यमशीलताको विकास अभियानलाई आत्मसाथ गर्दै अघि बढिरहेको यस वित्तीय संस्थाले साना किसान कृषि सहकारीमार्फत लगानी गर्दै आइरहेको ग्रामीण उद्यम कर्जाले साँच्चिकै किसानहरूमा खुसी सँगसँगै किसानहरूमा नयाँपन ल्याएको छ । जसले गर्दा किसानहरूले कृषिलाई व्यावसायिक रूपमा आधुनिक उपकरण मेसिनरी प्रयोग गर्दै अगाडि बढाउँदै आइरहेका छन्, आर्थिक रूपमा सम्पन्न तथा जीवनस्तर उकास्नमा मद्दत मिलेको छ। अतः उहाँको मेहनत, जोश, जाँगर तथा हौसलाले थप किसानहरूलाई उत्प्रेरणा मिली उद्यमशीलता प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ यस ग्रामीण उद्यम कर्जा ।

सफलताको कथा

सुनौलो भविष्य कर्जा एक भरोसा

बाँके, बैजनाथ गाउँपालिका वडा नं. ८ टिटिहिरीया निवासी ३६ वर्षिया मनिकला सुनारका २ छोरी १ छोरा र श्रीमान गरी ५ जनाको परिवार छन् । दिन प्रतिदिन आकाश छुनेगरी बढ्दै गइरहेको महँङ्गी र त्यही गतिमा हुर्कंदै गइरहेका सन्तानहरूको खर्च टार्न मनिकला र उनका श्रीमान् दिनरात कडा परिश्रम गर्छन्, उनीनहरूसगँ कृषि कार्यका लागि जम्मा ५ कठ्ठा मात्र जमिन छ । त्यही जमिनमा उब्जनी भएको अन्नले उनीहरूको परिवारलाई ३ महिना पनि धान्न मुस्किल पर्छ । त्यसबाहेक उनीहरू ज्याला मजदुरी गरी जीवन निर्वाह गर्दै आइरहेका थिए ।

मनिकलाको गाउँमा उनीहरू जस्तै आर्थिक अवस्था कमजोर भएका छिमेकीहरू धेरै थिए तर आजभोलि उनीहरू विभिन्न देशमा वैदेशिक रोजगारीमा गएका छन्, उनीहरूको अवस्था दिनप्रतिदिन सुध्रिँदै गइरहेको देखेपछि मनिकलाको मन पनि एकाएक परिवर्तन भयो र वैदेशिक रोगारीमा जाने निर्णयमा पुगिन् । छोरा छोरीको उचित शिक्षा र परिवारको सवल आर्थिक अवस्थाका लागि उनले कुबेत जाने सम्पूर्ण प्रक्रिया पूरा गरिन् । उनलाई अब वैदशिक रोजगारीमा जान लाग्ने खर्च कहाँबाट व्यवस्थापन गर्नेहोला भन्ने खासै चिन्ता थिएन किन भने मनिकला महिला साना किसान कृषि सहकारी संस्था लि. टिटिहिरियाको सदस्य पनि हुन् । मनिकला सुनारले आफ्नो संस्थाले साबिक साना किसान विकास वैंक र सीप परियोजनाको सहयोगमा वैदेशिक रोजगारीका लागि सुनौलो भविष्य कर्जा लगानी गर्नेबारे राम्रोसँग थाहाँ पाएकी थिइन् । र उनले संस्थाबाट बिनाधितो रु १ लाख सुनौलो भविष्य कर्जा पनि लिइन् । यस कर्जाले आफूलाई हालको आर्थिक तरलतामा पनि पैसाको जोहो गर्न निकै सहज भएको र आफू जस्तै अन्य वैदेशिक रोजगारीमा जाने दिदी बहिनीहरूलाई पनि निकै सजिलो हुने उनको भनाइ थियो । हातमा पासपोर्टको कपी, कुवेतको भिसा र अन्तिम श्रम स्वीकृति बोकेर मनिकला पैसा लिन महिला साना किसान कृषि सहकारी संस्था लि. टिटिहिरियामा आएकी थिइन् ।

पूरा भयो कविताको श्रीमान् मलेसिया पठाउने योजना

२४ वर्षीया कविता थारू बाँके जिल्लाको राप्तीसोनारी गाउँपालिका वडा नं. ३ बैजापुर निवासी हुन् । कविताको ५ जनाको परिवार छ । परिवारको मुख्य पेसा अर्काको जमिन अधियाँ लगाउने र त्यसैबाट आफ्नो जीवन निर्वाह गर्ने हो । वर्षायाममा पानी नछेक्ने तथा हिउँदे याममा जाडो छल्न नसक्ने एउटा सामान्य झिँगटी तथा माटोले बनाएको घर छ । जग्गाका नाममा ४/५ कठ्ठा मात्र छ । यो अवस्थामा पार लगाउन कविताले धेरै उपायहरू खोजिन् तर कुनै ठूलो काम गर्नका लागि उनीसँग कुनै विशेष सीप तथा पर्याप्त आर्थिक लगानी थिएन ।

उनले आफ्ना श्रीमान् कृष्णप्रसाद थारूलाई परिवारले आर्थिक अभावमा भोग्नु परेको पीडा र पानी पर्दा र चर्को घाम लाग्दा ओत लाग्ने एउटा सानो सामान्य घर बनाउन भए पनि विदेश जानुपर्ने सल्लाह दिइन् । कृष्णप्रसाद थारू विदेश जाने सम्पूर्ण प्रक्रियामा लागे र अन्ततः मलेसियाको भिसा पनि लाग्यो । त्यसपछि उनी पैसाको जोहो गर्न आफ्ना आफन्तहरूसगँ सहयोग मागे तर कसैले उनलाई पत्याएनन् । त्यसपछि कविता थारू ऋण खोज्न आफू सदस्य भएको सूर्यलक्ष्मी साना किसान कृषि सहकारी संस्था पुगिन् र रु. ३ लाख ऋण माग गरिन् । तर, उनको मनमा यति धेरै पैसा ऋण पाइएला कि नपाइएला भन्ने शंका थियो, उनी दोधारमा थिइन् । जब संस्था प्रबन्धक भागिरथी लुङ्गेलीले भोलि पासपोर्ट र भिसाको फोटोकपी लिएर आउनुहोला तपाईंलाई सीप परियोजनाअन्तर्गत सुनौलो भविष्य कर्जा रु ३ लाख लगानी हुन्छ भनेको सुन्दा कविताको मन चङ्गाझैं हलुका भयो उनले भनिन् । सबै काम सोचेजस्तै भयो हाल श्रीमान् कृष्णप्रसाद थारू मलेसिया छन् ।

सफलताको कथा

सफल कृषक चन्द्रकान्त चौधरी

नमस्कार, मेरो नाम चन्द्रकान्त चौधरी घर कञ्चनरूप नगरपालिका ११, वर्ष ३४, परम्परागत सामान्य खेती किसानीले मात्र आर्थिक स्तर उकास्न गाह्रो हुँदो रैछ। लामो समय म बेरोजगार नै रहेँ, बेरोजगार हुँदा दिमागमा नानाथरी विचार खेल्दो रहेछ, कहिलेकाहीँ त गलत विचारहरू पनि आउँदो रहेछ, नराम्रो साथीहरूको संगतमा फस्ने त झनै ठूलो जोखिम यिनै कारणहरूले गर्दा मैले विदेश जाने निर्णय गरेँ। सम्पूर्ण कागज पत्र बनाएर बुवासँग मागेको अलिकति पैसा र श्रीमतीले ऋण गरेर ल्याइदिएको पैसा एकलाख साठ्ठी हजार म्यानपावरलाई बुझाएर सेक्युरिटी गार्डको लागि म २०७५ सालमा मलेसिया गएँ, बेसिक स्यालरी १६०० दिँदो रहेछ, खाना खर्च कटाएर म झण्डै १४०० जती बचाउँथें, काम नि राम्रै चल्दैथ्यो ऋण तिर्दै थिएँ, केही महिना काम गरेपछि त्यहाँ त यहाँबाट गरेर गएको मेडिकल रिपोर्टले मात्र हुँदैन फेरि गर्नुपर्छ भन्दो रैछ, मलगायत यहाँबाट जाने सबैको फेरि मेडिकल चेक अप गरियो, मेरो त छातीमा दाग छ भनेर, लौ दाग भएको मान्छेलाई काम हुँदैन रे भनेर कम्पनीले त फेरि मलाई नेपालै फिर्ता पठाइदियो

ला.......अब के गर्ने, म त फेरि धेरै सोचमा परिगएँ जाँदा को ऋण पनि बाँकी छ, फेरि खेती किसानी नै गर्ने भने पनि आम्दानी हुँदैन, अब कोसँग पैसा माग्ने पहिलेकै ऋण बाँकी छ, अरू कुनै देश जानको लागि फेरि कोसिस गर्ने पनि छातीमा दाग छ भन्छ पैसा मात्रै डुब्छ कि ?, बुवासँग सल्लाह गरें भन्नुहुन्छ, अब यति जग्गा छ जे गर्छौं गर, अब यो जग्गा बेचिदिऊँ त सबै सिद्धीहालो नबेचौँ त पैसै छैन, सार्चे जग्गा त बेच्दिनँ, यही जग्गामा केही गर्छु विदेश जान्न यहीं बस्छु। गर्न त गर्छु तर केही गर्न त पुँजी चाहियो पैसा त छैन, साथीभाइसँग माग्दा पनि कोही दिँदैन भन्छ, विदेशमा त काम गर्न नसकेर आयो यँहा के गर्छ। म चिन्तामा परेको देखेर श्रीमतीले भनिन् म एकचोटि पिप्रा महिला साना किसानसँग कुरा गर्छु अरू थप ऋण पाइन्छ कि, उनी यस संस्थाकी सेयर सदस्य हुन्, तब साना किसानले व्यवसाय सुरुवात गर्न भनेर दुई लाख रुपैयाँ दियो, त्यही पैसाको मद्दतले मैले कृषि फर्म दर्ता गरेँ, बाँस म आफैँसँग थियो, त्यसकै प्रयोगले मैले कुखुराको खोर बनाएँ र ब्रोइलर कुखुरा पाल्न थालेँ।

दुई/चारवटा बाख्रा घरैमा थियो, जमुनापारी र बिटोलको क्रस बाख्राहरू अरू किनेर ल्याएँ,

केही हाँस पनि घरमै थियो अरू हाँसहरू पनि किनेर थप्दै गएँ,

परेवा पनि थियो, खोरलाई व्यवस्थित गरेर थप्दैँ गएँ, अब आम्दानी हुन थाल्यो, यही आम्दानीले ऋण तिर्दै थप्दै गरेँ, माछाको लागि एउटा पोखरी खनाएँ र पोखरीको डिलमा बंगुरको खोर बनाएर लोकल तथा विकासी जातको बंगुरपालन पनि सुरु गरेँ ।

लौ व्यापार त बढ्दै गयो, गर्दा त हुने रैछ भन्ने हौसला थपिँदै गयो । अहिले मसँग २००० बोइलर कुखुरा, ३०० हाँस, १६ वटा बंगुर, ३० वटा बाख्रा, ४० जोर जति परेवा र पोखरीमा झण्डै ८००० जति माछा रहेका छन् । मलाई के लाग्यो भने महिनाको ७०/८० हजारसम्म कमाउन विदेश जानुपर्ने रहेनछ, हामीले गर्दै आएको परम्परागत पशुपन्छी पालनलाई व्यवस्थित र अलिकति आधुनिक गर्न सके मात्र पनि पुग्दोरहेछ, घरमा आफ्नै परिवार सँग बसेर यति काम सजिलै गरिरहेको छु, परिवारले पनि सघाउँछ, बजारको अभाव छैन, आम्दानी राम्रो छ, खुसी छु ।

सीप परियोजनाको बारेमा श्रीमतीले भनिन् र मैले पनि नाम लेखाएँ कि यो परियोजनाले हामीजस्तो वैदेशिक रोजगारबाट स्वदेश आई केही गर्ने या गर्दै गरेका किसानलाई सहयोग गर्छ रे, म अहिले यसको सदस्य हुँ, नियमित बचत पनि गरिरहेको छु, हामीजस्तो किसानले सीप परियोजनामा विभिन्न व्यावसायिक तालिम तथा समृद्धि कर्जा पाइने रहेछ, त्यही समृद्धि कर्जा ल्याएर म आफ्नो फर्मलाई विस्तार गर्दै थप गाई र भैँसी पनि पाल्ने सोचमा अहिले गोठको विस्तार गर्दै छु ।

केस स्टडी गर्ने क्रममा श्री चन्द्रकान्त चौधरीसँग उहाँकै फर्ममा पुगी लिइएको अन्तर्वार्तामा आधारित ।

तयार पार्ने

कृष्ण अर्याल

परियोजना संयोजक (सीप परियोजना)

सफलताको कथा

साना किसान कृषि सहकारीबाट फेरिएको संगीता बस्नेतको जीवन

२०४६ सालमा पर्सा जिल्लाको सुवर्णपुर ५ ठोरीमा जन्मिएकी संगीता बस्नेतको सानै उमेरमा गोरखा निवासी नेपाली सेनाका जवानसँग विवाह भयो। विवाहपछि घर परिवारसँग मनमुटाव बढेपछि उनका पतिले घर छोडी २०६९ सालमा पर्सा जिल्लाको सुवर्णपुर आएर बस्न थाले। श्रीमान्ले नेपाली सेनाको जागिर छाडेपछि दई साना साना सन्तानकी आमा संगीतालाइ जीवन चलाउन धरै गाह्रो भयो। घर भाडा र दुईवटा छोराछोरीको नियमित सामान्य खर्च टार्न ऋण काट्नुपर्ने अवस्था सिर्जना भएको थियो।

यसै क्रममा उनी उज्यालो साना किसान कृषि सहकारीको समूहमा बस्छिन् र केही समयपश्चात रु १५००००।– ऋण लिएर श्रीमान्लई मलेशिया रोजगारको लागि पठाउँछिन्। श्रीमानले मलेशियामा सुरक्षा गार्डमा नोकरी गरी मासिक ९०००० ।– कमाउँछन् जसबाट उनले अहिले सिमरामा जमिन किनेर ३ तले घर बनाएकी छन्। एक फ्ल्याट भाडामा दिएर आफू बाँकीमा आनन्दसँग दुई छोरा छोरीसहित बसेकी छिन्। उनका श्रीमान् अझै मलेशियामा काम गर्दै छन्। यसरी साना किसान सहकारीबाट कर्जा लिएर विदेशमा रोजगारी गरेकोले आफ्नो भविश्य सुनौलो बनेको उनी बताउँछिन्। उनी आफ्नो जीवनमा उज्यालो साना किसान कृषि सहकारी भावी बनेर आएको बताउँछिन्।

उज्यालो साना किसान कृषि सहकारीबाट फेरिएको अनुखाको जीवन

३५ वर्षीया अनुखा सुनुवार सुवर्णपुर ठोरी ७ निवासी हुन्। उनको परिवारमा श्रीमान् छोरा र उनी गरी तीनजना छन्। श्रीमानको केही काम नहुँदा बिहान बेलुका छाक टार्नसम्म मुश्किल भएको उज्यालो साना किसान कृषि सहकारी संस्था लि सुवर्णपुरकी प्रबन्धक कविता गौतम बताउँनुहुन्छ। उनले साना किसान कृषि सहकारीबाट रु २०००००।

ऋण लिएर आफ्नो श्रीमानलाई खाडी मुलुकमा रोजगारीको लागि पठाइन्। हाल उनी मासिक ७००००। घरमा पठाउँछन्। त्यही पैसाबाट उनले चारवटा उन्नत जातको गाईपालन गरी दैनिक १० लिटर दूध डेरीमा लगेर बेच्छिन्। उता श्रीमानले नियमित मासिक ७० हजारका दरले पैसा पठाएका छन् भने यता अनुखा दैनिक १० लिटर दूध बेच्छिन्। यसरी उनीहरूको जीवनमा अकल्पनीय परिवर्तन आएको छ। केही समयपश्चात् शहरमा घडेरी लिने योजनासमेत उनीहरूको रहेछ। साना किसान कृषि सहकारीले यसरी आफ्नो जीवनमा ल्याएको परिवर्तनप्रति उनले अभार व्यक्त गरिन्।

Success Story:

The Prosperous Family of Sunitha Devi Yadav

Author: FC: Mr.Pushparaj Mainali

Figure: Ram Kewal Prasad Yadav (husband of Ms.Sunita Devi Yadav) feeding cattle

Sunitha Devi Yadav was born in Prasouni Rural Municipality-7 in the year 2054 B.S. into a very poor family. She married Ram Ekwal Prasad Yadav, a local from the same village, at an early age. They lived in Ward No. 7, Baluwa, with their three children and a mother-in-law. After the marriage, with the increase in family size, there arose financial pressure on Sunitha Devi Yadav. Both her husband and Sunita worked as day laborers, concerned for her children's futures as they were reliant on them.

One day, she notified her husband of the possibility to work in Malaysia after learning about it from her acquaintances, who had already sent their husbands there as well. Fortunately, she ran across a female employee of the local SFACL that day. She gathered details about the procedures they needed to follow in order to obtain financial assistance and support for sending her husband to work in Malaysia. After learning about the Skill for Employment (सीप) Programme and the requirements to become a member of the Sana Kisan Cooperative Prasauna, she completed the entire process and became a member of Group No. 87. Subsequently, with the cooperative's support, she successfully sent her husband, Ram Ekwal Prasad Yadav, for employment in Malaysia.

Her spouse returns home after working abroad for a while. However, they had already paid off their loan by then. They have now also made the decision to start businesses in their own nation. For this purpose, they again received a loan of NPR 1,000,000 from Sana Kisan Cooperative and started a business of rearing seven Holstein cows. Through their hard work and dedication, Mr. and Mrs. Yadav managed to sell approximately 60 liters of milk daily, earning an income of NPR 5,400 per day. After deducting all expenses, their monthly income reached NPR 1,00,000.

Sunitha Devi proudly shares the positive changes in her life, expressing that she feels secure and contented, both economically and in terms of living with her family without any feelings of insecurity, unlike the time her husband spent in abroad. She extends her heartfelt gratitude to Sana Kisan Cooperative for leading her life towards prosperity. She also expresses her special thanks to the cooperative's manager, Vikas Yadav, for his unwavering support.



साना किसान सदस्यहरूले गरेको विभिन्न व्यवसायको एक झलक



ग्रामीण विपन्न तथा साना किसानको वित्तीय कर्जाको योगदान



संस्थामा आबद्ध लैङ्गिक सङ्ख्या प्रतिशत



साझेदार सहकारी संस्था जम्मा १ हजार ७ सय १२



साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बबरमहल, काठमाडौं, नेपाल
फोन नं.: ०१-५३२०५१३, ०१-५१०१६१२, ०१-४१११८९५
Email: info@skbbl.com.np

Print: Sky Press, Kathmandu #9851138005